“समुन्नत इलाम, सम्पन्न इलामेली”

# इलाम नगरपालिका इलाम

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिमको स्वतः प्रकाशन विवरण

## २०८२/०४/०५ मा अद्यावधिक


**प्रमुख श्री केदार थापा**
९८५२६८५०६२, ९८५२६८०११९
mayorilammun@gmail.com

**उप-प्रमुख श्री विष्णुकुमारी लिम्बु**
९८५२६८५०६१, ९८५२६८०११८
upamayorilam@gmail.com

**प्रमुख प्रशासकीय अधिकृत श्री गणेशकुमार खड्का**
९८५२६२४१११
khadkakganesh@gmail.com

**सूचना अधिकारी : प्रशासकीय अधिकृत श्री बबुल भक्त राज**
९८५२६८५०६६/९८४२६२७२४३
**babulrajlawat608@gmail.com**

**इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**
**इलाम**
**०२७-५२००६५, ०२७-५२००६०, ०२७-५२००३०, ०२७-५२००३१**
**www.ilammun.gov.np**
**mun.ilam@gmail.com**

# स्रोत नक्सा
## इलाम नगरपालिका, इलाम




*आधारनक्सा स्रोत : टोपोग्राफिकल नक्सा, नापी विभाग ।*

*नक्सांकन : जिल्ला समन्वय समिति, इलाम ।*

# Ilam Municipality




**Legend**

**२०७८ सालको जनगणना अनुसार इलाम नगरपालिकाको वडागत जनसंख्या विवरण**

| वडा नं. | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | 2226 | 2343 | 4569 | |
| २ | 1206 | 1247 | 2453 | |
| ३ | 1551 | 1574 | 3125 | |
| ४ | 1501 | 1533 | 3034 | |
| ५ | 2561 | 2626 | 5187 | |
| ६ | 2162 | 2349 | 4511 | |
| ७ | 2411 | 2598 | 5009 | |
| ८ | 2200 | 2366 | 4566 | |
| ९ | 3068 | 3356 | 6424 | |
| १० | 2262 | 2349 | 4611 | |
| ११ | 1775 | 1760 | 3535 | |
| १२ | 1488 | 1573 | 3061 | |
| **Total** | **24411** | **25674** | **50085** | |
| | | 51.30% | 48.70% | |

लैङ्गिक अनुपात ९५.०८ पुरुष प्रति १०० महिला
जनघनत्व- २८९
कूल साक्षरता दर- ८६.७ प्रतिशत
पुरुष साक्षरता दर-९१.७ प्रतिशत
महिला साक्षरता दर- ८२.१ प्रतिशत
अपाङ्गता भएका जनसंख्याको प्रतिशत- २.४ प्रतिशत
महिला प्रतिशत- २.३ प्रतिशत
पुरुष प्रतिशत- २.६ प्रतिशत

Total Population: **50085**
Total Area: **173.35 Sq KM**

Prepared By: Ranjan Dahal
ICTV Ilam Municipality

## स्थानीय तहको स्वरूप र प्रकृति
## नगरपालिका

### परिचय

- स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता जन जनजीवनलाई असर पार्ने विषयहरूमा निर्णय गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन पद्धतिको विकासको लागि स्थानीय निकायहरूको गठन हुने प्रावधान अनुसार स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार स्थानीय निकायको रूपमा नगरपालिकाको व्यवस्था भएकोमा नेपालको संविधानमा स्थानीय तहको संवैधानिक व्यवस्था भएपश्चात साविकका स्थानीय निकायहरु स्थानीय तहमा रुपान्तरण भई स्थानीय सरकारको रुपमा स्थापित छन् ।
- नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह बिचको सहकारित, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेश र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत अभ्यासलाइ संस्थागत गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ जारी भएको छ ।
- स्थानीय तहका रूपमा नगरपालिकाले विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था गर्ने, आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने, योजनाहरूको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीयस्तरमा नै प्रदान गरी जवाफदेही बहन गर्न सक्ने स्थानीय तहहरूको संस्थागत विकास गर्ने कार्यलाई अगाडि बढाउँछ ।
- विकेन्दीकरण भनेको अधिकारको निक्षेपण हो, विकेन्द्रीकरणको अर्को रुपमा संघीयता हो र संघीयता स्थानीय आवश्यकतामा आधारित हुन्छ । संघीयतालाई संस्थागत गरी लोकतन्त्र, विकास र मानव अधिकारको प्रत्याभूत गर्न स्थानीय सरकारको विशेष भूमिका रहन्छ ।
- इलाम नगरपालिका, नेपालको कोशी प्रदेशअन्तर्गत पहाडी क्षेत्रको एक नगरपालिकाको रूपमा वि.सं.२०१५ सालदेखि नै स्थापित रहेको छ ।

### नगरपालिकाको स्वरूप

- नगर सभा – प्रमुख, उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका सदस्य, वडा सदस्य
- नगर कार्यपालिका – प्रमुख, उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका सदस्य
- नगर प्रमुख

### इलाम नगरपालिकाको छोटो परिचय

- इलाम जिल्ला, निर्वाचन क्षेत्र नं. २ पहाडी भेगमा स्थापित इलाम नगरपालिका बि.सं. १८७५ मा सदरमुकाम तथा गौडा हुँदै बि.सं. २०१५ नगरपालिका, बि .सं. २०१९ नगर पंचायत, बि.सं. २०४७ मा पुनः नगरपालिका भएको हो ।
- राज्य पुनरसंरचनाको क्रममा गाउँपालिका तथा नगरपालिकाको पुनरसंरचना हुँदा २०७३ फागुनदेखि इलाम नगरपालिकाको क्षेत्र विस्तार भएको छ । साविकमा इलाम नगरपालिकाको क्षेत्रफल २७ वर्ग कि.मि. रहेकोमा हाल १७३.३५ वर्ग कि.मि पुगेको छ ।
- इलाम नगरपालिकाको वार्ड बिभाजन १ देखि १२ सम्म छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कले पुनरसंरचित इलाम नगरपालिकाको जनसंख्या ४८५३६ (महिला २५२३६ पुरुष २३६०६) र घरसंख्या ११४३९ थियो भने राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार इलाम नगरपालिकाको जनसंख्या ५०,०८५ (महिला-२५६७४ पुरुष-२४,४११), परिवार संख्या-१२,९५२ रहेको छ ।
- इलाम नगरपालिका एउटा पर्यटकीय नगरको रूपमा विकसित पर्यटकीय नगर हो ।
- यस क्षेत्रमा पर्यटकीय पूर्वाधारका लागि विमानस्थल, जैविक विविधताले युक्त विभिन्न पर्यटकीय स्थल, सभागृह र शैक्षिक संस्थाहरूको व्यवस्थापन कार्य तीव्रतर गतिमा भइरहेको छ ।
- आफ्नो क्षेत्रका नागरिकहरुको दैनिक तथा आवधिक आवश्यकता परिपूर्ति गर्ने स्थानीय सरकारको रुपमा सेवा प्रधान गर्दै आएको संस्था हो ।
- मुलुकमा विद्यमान् कानुनी प्रावधान अनुसार स्थापना  भएको र स्थानीय सरकारले गर्नुपर्ने काम कर्तव्य र अधिकार प्रयोग गर्दै आएको निकाय हो ।
- नगरवासीहरूको आर्थिक, सामाजिक उन्नतिका लागि अग्रगामी दिशोन्मुख गराउने तर्फ लगाउने निकायको रूपमा प्रयासरत  छ ।
- इलाम नगरपालिका नेपाल सरकारको आ.ब. ०६७०६८ को बजेट, नीति तथा कार्यक्रममार्फत हरितनगर घोषणा गरिएको नगर हो । हरितनगरको रूपमा संसारभर इलामको पहिचान स्थापित हुँदै गइरहेको अवस्था छ ।
- इलाम नगरपालिकाको मिति २०७७३१० मा बसेको सातौ नगर सभाको विशेष निर्णयबाट इलाम नगरपालिकालाई पर्यटकीय नगर घोषणा गरिएको छ ।

## इलाम नगरपालिका, इलाम
## जनसंख्या विवरण

| वडा नं. | वडाको क्षेत्रफल वर्ग किमि | कुल घरधुरी | | | कुल जनसंख्या (सन्) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सन् २००१ | सन् २०११ | सन् २०२१ | सन् २००१ | सन् २०११ | सन् २०२१ प्रारम्भिक | सन् २०२१ अन्तिम |
| १ | 20.61 | ७६१ | ९३२ | १०५८ | ३७७९ | ४०४५ | ४३७९ | ४५६९ |
| २ | 15.3 | ४७८ | ५९१ | ६०५ | २५६४ | २५६३ | २४६३ | २४५३ |
| ३ | 21.35 | ५५८ | ६३४ | ७१४ | ३०२० | २९२७ | ३१२१ | ३१२५ |
| ४ | 9.27 | ५३५ | ६३१ | ७४८ | २८८४ | ३००८ | ३०९२ | ३०३४ |
| ५ | 14.38 | ९११ | ११३९ | ११८६ | ४५९१ | ५१०१ | ५१४१ | ५१८७ |
| ६ | 4.55 | ७४६ | ९६८ | १०१७७ | ३२१६ | ३८२१ | ४३९७ | ४५११ |
| ७ | 1.03 | १२७२ | १४३५ | १०३६ | ४७४२ | ५१३२ | ५००८ | ५००९ |
| ८ | 9.82 | ७१३ | ९०२ | १०६३ | ३४६० | ३९२२ | ४५९९ | ४५६६ |
| ९ | 11.37 | १२७६ | १४२७ | १४४५ | ४८१९ | ५७५८ | ६४५० | ६४२४ |
| १० | 21.91 | ९२४ | ११३७ | १३६६ | ४६०० | ४९७८ | ४६८९ | ४६११ |
| ११ | 25.93 | ७०० | ७९९ | ८५८ | ३७०० | ३६१६ | ३६०६ | ३५३५ |
| १२ | 17.83 | ६८३ | ७८८ | ८४७ | ३६३७ | ३६६५ | ३५१० | ३०६१ |
| **जम्मा** | **173.35** | **९५५७** | **११३८३** | **११९४३** | **४५,०१२** | **४८,५३६** | **५०,४५५** | **५०,०८५** |

## इलाम नगरपालिकाको १७ औं नगरसभाबाट पारित आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम

### १. आर्थिक विकास क्षेत्र

#### १.१ कृषि विकास

- इलाम नगरपालिकालाइ प्राङ्गारिक कृषिको नमूना क्षेत्रका रुपमा स्थापित गर्ने दीर्घकालिन सोच सहित रुपान्तरणकारी कार्यक्रम अघि बढाइने छ । सो अन्तर्गत आगामी आ.व.मा वडा न १ देखि ६ सम्मको वडा क्षेत्रलाइ र क्रमश अन्य वडा क्षेत्रलाइ प्राङ्गारिक खेती क्षेत्र घोषणा गरि माटोको गुणस्तर कायम गरि उत्पादकत्व बृद्धि गर्न संघीय सरकार, प्रदेश सरकार, टि एलायन्स अफ नेपाल लगायतसंगको सहकार्यमा प्राङ्गारिक कृषि प्रबर्द्धन कार्यक्रम संचालन गरिने छ ।
- वडा नं ७ देखि १२ सम्मका वडाहरुमा तुलनात्मक लाभ उच्च रहेका कृषि उत्पादनको प्रबर्द्धनका लागि नमूना कृषि कार्यक्रमहरु संचालन गरिने छ ।
- कृषकहरुको व्यवसायिक उत्प्रेरणा अभिबृद्धि गर्दै नगर क्षेत्रको कृषि उत्पादन र उत्पादकत्व बढाउन उच्च प्रतिस्पर्धात्मक लाभ भएका कृषि उपजहरुका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिने छ ।
- व्यवसायिक मौरी पालनलाई बिस्तार गरि महको उत्पादन तथा निर्यात बृद्धि गर्न चालु आ.व. मा संचालित रानी मौरी उत्पादन सम्वन्धी प्रशिक्षण कार्यक्रमबाट प्राप्त उपलब्धिको सदुपयोग गर्दै रानी मौरी उत्पादन बिस्तार तथा प्राकृतिक घार निर्माण कार्यक्रम संचालन गरिने छ ।
- सरोकारवाला निकायहरुसँगको सहकार्यमा स्थानीय कृषि उत्पादनको प्रदर्शनी/ मेलाको आयोजना गरि कृषि उत्पादनलाई प्रोत्साहन गरिने छ ।
- कृषि उत्पादनमा बिषादीको बिक्रि बितरण तथा प्रयोगलाई निरुत्साहन गर्दै उपभोक्ताको स्वास्थ्य संरक्षण गर्न रासायनिक बिषादी बिक्रि बितरक तथा कृषकहरुका लागि बैद्यानिक मापदण्डको परिपालना सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्नुका साथै सघन अनुगमनको ब्यवस्था मिलाइने छ ।
- सम्भाव्य उत्पादनको उपादकत्व र बजार प्रतिष्पर्धा बृद्दि गर्नका लागि कृषक समुह गठन गरी प्रविधि हस्तान्तरण गरिनेछ ।
- कृषि क्षेत्रको एकीकृत गुरुयोजना निर्माणको आधार तयार गर्न किसान सूचीकरण र सूचीकृत किसानहरुलाई वर्गिकृत पहिचान सहितको परिचय-पत्र वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

- रैथाने बालीको संरक्षण तथा सम्बर्द्धन गर्दै कृषकलाई उच्च मुल्यका नगदेवालीको उत्पादनतर्फ आकर्षित गर्न राष्ट्रिय कृषक समुह महासंघ इलामसँगको सहकार्यमा रैथानेबाली प्रबर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
- चालु आ.व. मा स्थापित अकबरे खुर्सानी पकेट विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- इलाम नगरपालिका-२ मा कृषि बजार निर्माण तथा सुदृढिकरणका लागि थप कार्य अघि बढाइने छ ।
- इलाम नगरपालिका-११ मा केराको दाम्चाबाट रेशा उत्पादन कार्यक्रम संचालन गरिने छ ।
- इलाम नगरपालिका वडा नं.६ र वडा नं.१० मा गोठ/खफ तगा भकारो सुधार कार्यक्रम संञ्चालन गरिनेछ ।
- हरित शान्ति अभियान इलामसँगको लागत साझेदारीमा प्राङ्गारिक तरकारी उत्पादन तथा बजारीकरण कार्यक्रम कार्यान्वयन गरिने छ ।
- प्रचलित कानुन र मापदण्ड बमोजिम स्थानीय मदिराको ब्राण्डिङ र बजारीकरण गरिने छ ।
- हेल्भेटास नेपालसँगको सहकार्यमा नगर क्षेत्र भित्र रहेका चिया कारखानाहरुको सर्वेक्षण गरि उत्पादन क्षमता विश्लेषण गरिने छ ।
- वडा नं १० मा चालु आ.व. मा उपचार गरिएका बाँसहरुको उपयोग गरि कृषकहरुका लागि कृषि उपज बिक्री स्थलको निर्माण गरिने छ ।
- चाँड पर्वको समयमा नगर क्षेत्र भित्रका पुष्प व्यवसायीहरुलाई बजार क्षेत्रमा निःशुल्क रुपमा बिक्री स्थल उपलब्ध गराइने छ ।
- वडा नं. १२ मा कफि खेती बिस्तार कार्यक्रम संचालन गरिने छ ।
- प्रचलित कानुनको अधिनमा रहि भाङ्गोबाट हस्तकला तथा दैनिक जीवनमा उपयोग हुने सामाग्रीहरु उत्पादन गरि आय आर्जनका अवसर बृद्धि गर्न सकिने संभावना अध्ययन गरि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

## १.२ पशु विकास

- व्यवसायिक पशुपालनलाई प्रबर्द्धन गर्न कृषकहरुको गोठ तथा व्यवसायीक फर्महरुमा नै भिडियो एक्से मेटल डिटेक्टर एम पि डि सहितको घुम्ती विशेषज्ञ सेवा उपलब्ध गराइने छ ।
- नगरपालिकालाइ खोरेत रोग मुक्त क्षेत्र बनाई यस क्षेत्रमा उत्पादित दुग्धजन्य पदार्थ र मासु तथा मासु जन्य पदार्थ तेस्रो मुलुक निर्यात गर्ने आधार तयारीका लागि खोरेत रोग मुक्त अभियान संचालन गरिनेछ ।
- उच्च उत्पादन क्षमता भएका पशु नश्लको विकास गरि उत्पादन तथा उत्पादकत्व क्षमतामा बृद्धि गर्न उन्नत जातको सेक्सड सिमेन प्रयोग गरि कृतिम गर्भाधान सेवा बिस्तार गरिने छ ।
- नगरपालिकालाई रेविज रोग मुक्त क्षेत्र बनाई रेविज रोगका कारण हुने क्षतिको न्युनीकरण गर्न सामुदायीक कुकुर बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- दुग्ध उत्पादक सहकारी/ समूह तथा डेरी व्यवसायमा संलग्न कृषकहरुको व्यवसायीक क्षमता अभिबृद्धि गर्न जैविक सुरक्षा र थुनेलो परिक्षण सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

## १.३ सिंचाई

- आगामी आ.व. मा निर्माण सम्पन्न हुने थप ४ वटा साना सिंचाई आयोजनाहरुको माध्यमबाट थप ४४६० रोपनी कृषि योग्य जमिनमा सिंचाई सुविधा पुर्याइ कुल सिंचित क्षेत्र ३९४८० रोपनी पुर्याइने छ ।
- नगर क्षेत्रमा मझौला सिंचाई आयोजनाहरुको संभाव्यता अध्ययन, बिस्तृत अध्ययन र सिंचाई प्रणालीको निर्माणका लागि सम्बन्धित निकायहरुमा समन्वय तथा सहजिकरण गरिने छ ।

## १.४ पर्यटन

- इलाम सदरमुकाम स्थित ऐतिहासिक चिया बगान क्षेत्रलाई **गजराजसिंह थापा पार्कका** रुपमा विकास गरेर पर्यटकहरुको आवागमन बढाउन चियावारी क्षेत्र सौन्दर्यीकरण योजनाको DPR बमोजिमका थप कार्यहरु अघि बढाइने छ ।
- नेपाल पर्यटन बोर्ड, दिगो पर्यटन परियोजनासँगको सहकार्यमा ड्राइभर पोर्टर तथा टुरिस्ट गाइडका लागि प्रशिक्षण र होटल व्यवसायीका लागि भाषा तथा अतिथी सत्कार सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गरिने छ ।

- इलाम नगरपालिका वडा नं.३ साविक वडा नं.५ स्थित डाग्युर मिझ्मा सामडुब च्छोलिङ गुम्बाको निर्माण कार्य अघि बढाइने छ ।
- इलाम नगरपालिका वडा नं.१० को असले झरना सौन्दर्यीकरण योजना कार्यान्वयन गरिनेछ ।
- रामसार सूचीमा सूचीकृत माइपोखरीको बहुपक्षीय विकास मार्फत यस भेगको पर्यटन प्रबर्द्धनका लागि त्रिधार्मिक पार्क निर्माणमा सन्दकपुर गाउँपालिका लगायत सरोकारवालाहरुसँगको सहकार्य गरिने छ ।
- इलाम नगरपालिका वडा नं. ३ मा फाल्गुनन्द पदमार्ग निर्माणको कार्य अघि बढाइने छ ।
- इलाम नगरपालिका वडा नं. ७ स्थित बहुतले पार्किङ भवनमा **नगर पर्यटन प्रबर्द्धन समिति** र निजी क्षेत्रसँगको सहकार्यमा **पर्यटन सूचना केन्द्र** संचालनलाई निरन्तरता दिइने छ ।
- टि एलायन्स नेपालसँगको सहकार्यमा नगरका विभिन्न स्थानमा टि टेस्टिङ स्टेशन संचालन गरिनेछ ।

## १.६ उद्योग तथा वाणिज्य

- नगरपालिकाले चालु आ.व. सम्ममा विभिन्न विषय क्षेत्रका सीप विकास सम्बन्धी प्रशिक्षण प्रदान गरेका ब्यक्तिहरुलाई उद्यमी तथा स्वरोजगार ब्यक्तिका रुपमा रुपान्तरण गर्न उप-प्रमुख उद्यमी तथा स्वरोजगारी सिर्जना कार्यक्रम संचालन गरिने छ ।
- उद्योग बाणिज्य संघ इलामसँगको लागत साझेदारीमा करदाता शिक्षा कार्यक्रमलाई निरन्तरता दिनुका साथै खाद्य स्वच्छता एवं नापतौल गुणस्तर सम्बन्धी प्रशिक्षण संचालन गरिने छ ।
- नगर क्षेत्रका उत्कृष्ट उद्यमी, व्यवसायी तथा करदातालाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योग संचालन गरि वेरोजगारीको नाजुक अवस्थालाई न्यूनीकरण गर्नको निमित्त इ.न.पा. १० मा **औद्योगिक ग्राम** स्थापनाका निमित्त संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जग्गा लिजमा लिन सहमति प्राप्त भइसकेको हुँदा जग्गा उपलब्धताको थप प्रकृया पुरा गरि औद्योगिक ग्राम स्थापना कार्य अघि बढाइने छ ।
- महिला उद्यमशिलता विकास सहजीकरण केन्द्र मार्फत महिला उद्यमीहरुका लागि उद्यमशीलता तालिमलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाले विगत ३ वर्ष सम्म उपलब्ध गराएका विभिन्न सिप विकास तालिममा सहभागीहरु मध्ये व्यवसायिक रुपमा क्रियाशील लघु उद्यमीहरुलाई व्यवसाय सुधार तथा विस्तार र स्तरोन्नती एड्भान्स तालिम प्रदान गरिने छ ।

## १.७ सहकारी तथा वित्तीय सेवा

- योजनाबद्ध रुपमा नगर क्षेत्रका सहकारी संस्थाहरुको संस्थागत सुदृढीकरणका लागि चालु आ.व. मा स्वीकृत भएको ५ बर्षे रणनीतिक योजना बमोजिमका कार्यक्रमहरु संचालन गरिने छ ।
- सहकारी ऐन २०७४, नियमावली २०७५ र इलाम नगरपालिकाको सहकारी ऐन २०७४, अनुसार नगरपालिका भित्र कार्यक्षेत्र कायम रहेका सहकारी संस्थाहरुलाई अनुगमन, निरिक्षण, नियमन गरी सुशासन कायम गर्न आवश्यक कार्यहरु गरिने छ ।
- सहकारी संस्थाहरुलाई एकिकृत सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध गरिने छ ।
- सहकारीको नियमन प्रणालीलाई चुस्त दुरुस्त बनाउदै प्रचलित कानून विपरित सञ्चालनमा रहेका र निस्कृय रहेका सहकारी संस्थाहरुलाई खारेज गर्नुका साथै एकिकरण हुन चाहने सहकारी संस्थाहरुको एकिकरण कार्य अघि बढाइने छ ।साथै एक वडा एक विषयगत सहकारी संस्थाको नीति अवलम्बन गरिने छ ।
- इलाम नगरपालिका भित्र रहेको सहकारीहरुको प्रवर्द्धन र क्षमता अभिबृद्धि गरि प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- उद्यम गर्न चाहने सहकारी संस्थाहरुलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहकारी व्यवस्थापक र बजार प्रतिनिधिहरुलाई उद्यमशिलता विकास, बजारीकरण र गुणस्तर प्याकेजिङग सम्बन्धी प्रशिक्षण प्रदान गरिने छ ।
- फरक क्षमता भएका व्यक्तिहरुद्वारा संचालित सहकारी संस्थाका सदस्यहरुको क्षमता विकासका लागि प्रशिक्षण कार्यक्रम संचालन गरिने छ ।

## २. सामाजिक विकास क्षेत्र

### २.१ शिक्षा

- विज्ञान र गणित बिषयको सिकाइलाई प्रभावकारी बनाउदै उक्त विषयहरुको सिकाई उपलब्धिमा बढोत्तरी गरि उत्तीर्ण दरमा सुधार गर्न गणित, विज्ञान नतिजा सुधार नमूना कार्यक्रम संचालन गरिने छ ।
- नगर क्षेत्रका उत्कृष्ट विद्यालयहरुलाई पुरस्कृत गर्ने तथा उत्कृष्ट शिक्षकहरुलाई नगर शिक्षा पदकबाट सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- विद्यार्थीहरुमा अन्तरनिहित प्रतिभालाई उजागर र प्रोत्साहन गर्न प्रतिभा विकास कार्यक्रम संचालन गरिने छ ।
- नगरको आकांक्षा, माटो सुहाउदो शिक्षाको अवधारणा बमोजिम तयार गरिएको स्थानीय पाठ्यक्रम बमोजिमका पाठ्य पुस्तक वितरण कार्यलाई निरन्तरता दिइने छ ।
- विद्यालयहरुको संचालन र सुधारमा अभिभावकहरुको भूमिका तथा उत्तरदायित्व अभिबृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने छ ।
- बालबालिकाहरुबाट कक्षागत सिकाइ कृयाकलापहरुका सम्बन्धमा रचनात्मक अनुपोषण तयार गराई सो को उपयोग गर्न कक्षा कोठा डायरी कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- कक्षा ५, ८ र १० का प्रश्न पत्र निर्माणलाई अझ गुणस्तरीय बनाउन प्रश्न पत्र निर्माण कार्यशालाको आयोजनालाई निरन्तरता दिइने छ ।
- विषय विज्ञ र सरोकारवालाहरुको संलग्नतामा पूर्व निर्धारित नतिजा सूचकका आधारमा विद्यालयहरुको नियमित अनुगमन र सुधार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- रत्नकुमार वान्तवा पोलिटेक्निकल इन्टिच्युट र इलाम सामुदायिक कृषि क्याम्पसमा गरिब तथा जेहेन्दार विद्यार्थीका लागि मेयर छात्रबृत्ति कार्यक्रमलाई निरन्तरता दिंदै आगामी आ.व. मा प्राविधिक धार र विज्ञान विषयका विद्यार्थीका लागि समेत थप छात्रबृत्तिको व्यवस्था गरिने छ ।
- राष्ट्रपति रनिङ शिल्ड अन्तर्गत जिल्ला स्तरीय प्रतियोगितामा इलाम नगरपालिकाले हासिल गर्दै आएको प्रथम स्थानलाई सुनिश्चित गर्दै प्रदेश स्तरीय प्रतियोगितामा समेत उच्चतम स्थान हासिल गर्नका लागि आवश्यक पूर्व तयारी, अभ्यास र प्रोत्साहनलाई निरन्तरता दिइने छ।
- प्राथमिक तहको शिक्षण कार्यलाई प्रभावकारी बनाउन शैक्षिक सामाग्री निर्माण कार्यशालाको आयोजना गरिने छ ।
- विद्यालयहरुको नियमित मर्मत संभारका लागि आवश्यक बजेट बिनियोजन गरिने छ ।

### २.२ स्वास्थ्य

- बढ्दै गएको मानसिक स्वास्थ्य सम्बन्धी समस्या र त्यसले पारेको बहुपक्षीय प्रभावलाई नियन्त्रण गर्न सरोकारवाला पक्षहरुसँगको सहकार्यमा प्रबर्द्धनात्मक, रोकथाममूलक, उपचारात्मक तथा पूनर्स्थापनामूलक कृयाकलापहरु सहितको एकीकृत मानसिक स्वास्थ्य नमूना कार्यक्रम संचालन गरिने छ ।
- विद्यालय तह देखि नै योग तथा आध्यात्मिक शिक्षालाई संस्थागत गर्दै स्वस्थ्य, सकारात्मक र संस्कारयुक्त मानव पूंजी निर्माणको आधार तयार गर्ने उद्देश्य सहित चालु आ.व. मा तयार गरिएका योग तथा आध्यात्मिक गुरु मार्फत विद्यालयहरुमा नियमित रुपमा योगाभ्यास तथा आध्यात्मिक प्रशिक्षण संचालन गरिने छ ।
- योग मार्फत समुदायको सोच, संस्कार र स्वास्थ्यमा सुधारको अभियान अन्तर्गत सदरमुकाम बाहिरका क्षेत्रहरुमा नियमित रुपमा सामुहिक योग अभ्यासका लागि आवश्यक ब्यवस्था मिलाइने छ ।
- इलाम अस्पतालमा विशेषज्ञ डाक्टरहरुको दरबन्दीको तुलनामा न्यून मात्र पदपुर्ति हुने र पदपुर्ति भएका डाक्टरहरु समेत प्रायः छोटो अवधिमा नै सरुवा भइ जाने कारण यस क्षेत्रका बिरामीहरु स्वास्थ्य उपचारका लागि अन्यत्र जानु पर्ने बाध्यता रहि आएको यथार्थ सन्दर्भमा इलाम अस्पतालमा विशेषज्ञ डाक्टरहरुको सेवाको सुनिश्चितता, नियमितता र दीगोपनाका लागि उप-प्रमुख स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत बाल रोग बिशेषज्ञ र विशेषज्ञ जनरल फिजिसियन गरि दुइजना विशेषज्ञ डाक्टरहरुलाई पर्याप्त रुपले उत्प्रेरित गर्ने गरि कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।
- सरकारी तथा निजी अस्पतालहरुसँगको सहकार्यमा विशेषज्ञ घुम्ती स्वास्थ्य शिविर संचालनलाई निरन्तरता दिइने छ ।

- नसर्ने रोगहरुको समयमै पहिचानका लागि स्कृनिङ तथा रोकथाम कार्यक्रम संचालन गरिने छ ।
- क्षयरोग मुक्त अभियान अन्तर्गत नगर क्षेत्रभित्रका क्षयरोगका जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुँच कम भएको समुदायलाई लक्षित गरि सक्रिय क्षयरोग खोजपड्ताल कार्यक्रम संचालनलाई निरन्तरता दिइने छ।
- स्वास्थ्य परीक्षणका लागि सदरमुकाम आउनु पर्ने बाध्यतालाई कम गर्न स्वास्थ्य चौकी साखेजुङमा ल्याबको पूर्वाधार निर्माण गरि ल्याब सेवा उपलब्ध गराइने छ ।
- आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला वितरण, सुरक्षित तथा निःशुल्क गर्भपतन सेवा र नवजात शिशुको निःशुल्क उपचार कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- पोषणमैत्री स्थानीय शासनको आधार तयार गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।
- उप-प्रमुख स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत नगरपालिकाका स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड बमोजिमका कमजोर सूचकहरुको सुधारका लागि आवश्यक कृयाकलापहरु संचालन गरिने छ ।
- नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा सूचना प्रविधि पूर्वाधारको व्यवस्था गरि पूर्णरुपमा डिजिटल प्रणाली मार्फत स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाइने छ ।
- जेष्ठ नागरिकहरुलाई घर दैलोमा नै आयुर्वेदिक उपचार सेवा उपलब्ध गराउन उप-प्रमुख जेष्ठ नागरिक आयुर्वेदिक शिविरलाई निरन्तरता दिइने छ ।
- पर्याप्त रुपमा आयुर्वेदिक औषधीको व्यवस्था गरि आयुर्वेदिक नागरिक क्लिनिकको निरन्तर संचालन गरिने छ ।

## २.३ खानेपानी तथा सरसफाई

- स्वीकृत कार्यविधि बमोजिम नगरपालिकाको Geo- referenced Water Supply sanitation and hygine (WASH) Plan तयार गरि कार्यान्वयन गरिने छ ।
- नगर भित्रमा मागका आधारमा थप क्षेत्रमा खानेपानी आपुर्तिका लागि धारा बिस्तार गरिने छ ।
- हरित शान्ति अभियानसँगको सहकार्यमा सरसफाई तथा प्राङ्गारिक मल उत्पादन कार्यलाई निरन्तरता दिइने छ ।

## २.४ साहित्य, कला तथा संस्कृति प्रबर्द्धन

- नगर साहित्य, कला तथा संगीत प्रतिष्ठान लगायतका सरोकारवाला संस्थाहरुसँगको सहकार्यमा पर्यटनका लागि साहित्य भन्ने मुल नारा सहित इलाम साहित्य सम्मेलनको आयोजनालाई निरन्तरता दिइने छ ।
- नगर साहित्य, कला तथा संगीत प्रतिष्ठानको अगुवाइमा साहित्य, कला संगीतको प्रबर्द्धन सम्वन्धी कार्यक्रमहरु संचालन गरिने छ ।

## २.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- टेवा नेपालको प्राविधिक सहयोगमा तयार भएको इलाम नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहीकरण रणनीति कार्यान्वयन कार्ययोजना, २०८२ को कार्यान्वयनका लागि कार्यक्रम संचालन गरिने छ ।
- महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गरिने छ ।
- रोजगारीका सबै क्षेत्रमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद पूर्ण रुपमा अन्त्य गरिने छ ।
- नगर क्षेत्रमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेदलाई रोक्न सबै निकायहरु बीच समन्वय र सहकार्य गरिने छ ।
- नगर क्षेत्रमा गठन हुने उपभोक्ता समितिहरुमा लक्षित वर्ग सहित कम्तिमा ४० प्रतिशत महिलाहरुको सहभागिताको व्यवस्था मिलाइने छ
- महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषण समेतका आधारमा सो समूहलाई प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको कम्तिमा ५ प्रतिशत बजेट बिनियोजन गरिने छ ।
- कार्यालयमा हुन सक्ने सबै प्रकारको दुर्व्यवहार, भेदभाव र महिला हिंसा नियन्त्रणका लागि इलाम नगरपालिकाको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८० को प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

- लैङ्गिक समानता र सामाजिक समावेशीकरणसँग सम्बन्धित कार्यहरुलाई प्रभावकारी रुपमा सम्पादन गर्न महिला बालवालिका शाखामा लैङ्गिक डेस्कको स्थापना गरिने छ ।
- वडा तथा वस्ती स्तरका समुदायका आधारभूत खण्डिकृत तथ्याङ्क तयार गरिने छ ।
- लैङ्गिक तथा समावेशी विकासका लागि क्षमता विकास कार्ययोजना र बजेट सहित कार्यक्रम संचालन गरिने छ ।
- इलाम नगरपालिकामा लैङ्गिक हिँसा र महिला हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति लिइने छ ।
- नगर क्षेत्रमा निर्माण हुने सबै सार्वजनिक संरचनाहरु महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्ग संबेदनशील हुने गरि निर्माण गरिनेछ ।
- गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा लगाउन नदिन निरोधात्मक र प्रबर्द्धनात्मक प्रयास गरिने छ ।
- ग्रामीण महिला प्राविधिकहरू र सामाजिक परिचालक तयारीका लागि आवश्यक कार्यक्रमिक पहल गरिने छ ।
- लैङ्गिक समानता तथा समावेशी विकासका लागि नगर क्षेत्र भित्रका सरोकारवाला निकायहरूबीच सञ्जाल निर्माण गरिने छ ।

## २.६ सामाजिक सुरक्षा र संरक्षण

- बैङ्किङ सेवाबाट टाढा रहेका वडाका सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुलाई गाउँघरमा नै गएर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- बायोमेट्रिक्स डिभाइस, स्क्यानर लगायतका आवश्यक उपकरणहरु जडान गरि सामाजिक सुरक्षा भत्ता सम्बन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री तथा थप सरल र सहज बनाइने छ ।
- गर्भवतीको साथमा उप-प्रमुख कार्यक्रम मार्फत दुर्गम वडाका गर्भवती महिलाहरुका लागि घुम्ती भिडियो एक्सरे सेवालाई निरन्तरता दिइने छ ।
- नगरको चाहना, जेष्ठ नागरिकको सु-स्वास्थ्यको कामना कार्यक्रम अन्तर्गत दलित जेष्ठ नागरिक र विपन्न जेष्ठ नागरिकहरुका लागि निःशुल्क स्वास्थ्य बीमाको कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- नगरको आकांक्षा, सुत्केरीको सुरक्षा कार्यक्रम मार्फत सुत्केरीहरुलाई निःशुल्क एम्बुलेन्स सेवा र प्रसुती पोषण भत्तालाई निरन्तरता दिइने छ ।
- नगरको हात, कडा रोगका बिरामीलाई साथ कार्यक्रमलाई निरन्तरता दिइ कडा रोगका बिरामीहरुलाई आर्थिक सहायता उपलब्ध गराइने छ ।
- इलाम नगरपालिकाको अगुवाइमा इलाम जिल्लाका सबै स्थानीय तहहरुको सहकार्यमा हिंसापीडित महिलाहरुका लागि स्थापना भएको आश्रय केन्द्रलाई संचालन अनुदान उपलब्ध गराइने छ ।
- माइ भगवती बृद्धाश्रम वडा न १० र राहसल बाल अनाथलय वडा नं ९ लाई दिइदै आएको संचालन अनुदानलाई आगामी आर्थिक बर्षमा समेत निरन्तरता दिइने छ ।

## २.७ महिला, बालवालिका, जेष्ठ नागरिक र अपाङ्गता

- महिलाहरुलाई सेयर कारोवार तर्फ आकर्षित गरि आय आर्जनका अवसर सिर्जना गर्न सेयर कारोवार सम्बन्धी आधारभूत प्रशिक्षणको आयोजना गरिने छ ।
- उप-प्रमुख महिला विकास कार्यक्रम अन्तर्गत टोल विकास संस्थाहरुलाई परिचालन गरि घरेलु हिंसा अन्त्यका लागि वहस, पैरवी र बेइजिङ घोषणा पत्रको कार्यान्वयन सम्बन्धी सचेतना कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लेखापरीक्षणलाई निरन्तरता दिइ लेखापरीक्षण प्रतिवेदन बमोजिमका सुधारात्मक कार्यहरु अघि बढाइने छ ।
- सयुक्त राष्ट्र सघंको सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२० कार्यान्वयनका लागी आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- आगामी आ.व. भित्रमा नगरपालिकालाई वालमैत्री शासनयुक्त नगर घोषणा गर्ने गरि आवश्यक कार्यहरु संचालन गरिने छ ।
- इलाम नगरपालिकालाई बालश्रम मुक्त नगरपालिकाका रुपमा घोषणा गर्नका लागि आवश्यक कार्यहरु अघि बढाइने छ ।

- नगर भित्रका जेष्ठ नागरिक र कडा रोगीहरुलाई घरमै गएर आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन नगर प्रमुख जेष्ठ नागरिक तथा कडा रोगी हेरचाह कार्यक्रम संचालन गरिने छ ।
- जेष्ठ नागरिकसँग उप-प्रमुख कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकहरुका लागि आयुर्वेदिक स्वास्थ्य उपचार शिविरलाई निरन्तरता दिइने छ ।
- नगर स्तरीय जेष्ठ नागरिक समिति गठन गरि समिति मार्फत जेष्ठ नागरिकका लागि उपयोगी कार्यक्रमहरु संचालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको हक हित, सुविधा तथा क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- घर घरमा नगर कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुलाई घुम्ती अपाङ्गता शिविर मार्फत परिचय पत्र वितरण गरिने छ । पूर्णरुपमा हिडडुल गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिहरुलाई घरमा नै गएर परिचय पत्र वितरणको व्यवस्थालाई निरन्तरता दिइने छ ।

### २.८ युवा तथा खेलकुद

- सूचना प्रविधिमा आधारित सेवा र व्यापारको क्षेत्रमा उपलब्ध अवसरहरुलाई उपयोग गर्दै स्वदेशमै बसेर युवाहरुलाई रोजगारी र स्वरोजगारीका लागि सक्षम बनाउन Digital Marketing सम्बन्धी प्रशिक्षणलाई निरन्तरता दिइने छ ।
- युवाका लागि खेलकुद कार्यक्रम अन्तर्गत सबै विधाका खेलाडीहरुलाई प्रोत्साहन गर्न खेलकुद प्रतियोगिता संचालनमा सहयोगलाई निरन्तरता दिइने छ।
- नगरपालिका अन्तर्गत गठन हुने उपभोक्ता समिति र अन्य समितिहरुका मुख्य पदहरु मध्ये कुनै एकमा अनिवार्य रुपमा २५ बर्ष भन्दा कम उमेरको युवालाइ सहभागी गराउने नीति अवलम्बन गरिने छ ।
- युवाहरुलाई रोजगारी र स्वरोजगारीका लागि सक्षम बनाउन क्षमता विकास र सहयोग कार्यक्रमहरु संचालन गरिने छ ।

## ३. पूर्वाधार विकास

- प्रत्येक वडामा एउटा नगर गौरवको आयोजना कार्यान्वयनलाई निरन्तरता दिइने छ ।
- वडालाई नगरको केन्द्रसम्म जोड्ने सडकको स्तरोन्नतिलाई पहिलो प्राथमिकता दिई कार्य अघि बढाइने छ ।
- इलाम नगरपालिका वडा नम्बर ०९ स्थित सिंहवाहिनी धार्मिक क्षेत्रमा पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- प्राङ्गारिक मल उत्पादन पूर्वाधार निर्माणलाई निरन्तरता दिइने छ ।
- नगरपालिकाले तोकेका आयोजनाहरु ६०/४० लागत सहभागिताको मोडल बमोजिम कार्यान्वयन गरिने छ ।
- स्थानीय पूर्वाधार निर्माण तथा मर्मत संभार र सम्पदाहरुको संरक्षणमा जनश्रमदान संस्कृतिलाई प्रोत्साहन र परिचालन गरिने छ ।
- नक्सापास प्रक्रियालाई पूर्ण रुपमा विधुतिय प्रणाली (Electronic Building Permit System) मा संचालन गरि थप सहज र व्यवस्थित गरिनेछ ।
- साविक इलाम नगरपालिका क्षेत्र बाहेकका वडाहरुका कच्ची घरहरुको अभिलेखिकरण कार्य वडा कार्यालयबाट नै गर्ने व्यवस्था मिलाइनेछ ।
- इलाम सदरमुकाम बजार क्षेत्रमा प्रभावकारी ट्र्याफिक व्यवस्थापन र सौन्दर्यीकरण कार्यलाई निरन्तरता दिइनेछ ।

## ४. वन, वातावरण र विपद व्यवस्थापन

- इलाम नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण कार्ययोजना बमोजिम आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।
- रेड पाण्डा नेटवर्क नेपाल लगायतका सरोकारवालाहरुसँगको सहकार्यमा इलाम नगरपालिका वडा नं ३ मा घोषणा गरिएको रेडपाण्डा संरक्षण क्षेत्रको पाँच बर्षे कार्ययोजना बमोजिमका कार्यक्रमहरु संचालन गरिने छ ।
- वातावरण सम्वेदनशील विकासको अवधारणा बमोजिम पाँचलाख भन्दा बढि बजेट विनियोजन भएका पूर्वाधार विकास आयोजनाहरुको कुल लागत अनुमानको कम्तिमा २ प्रतिशत बजेट अनिवार्य रुपमा **वातावरण संरक्षण** सम्बन्धी कार्यहरुका लागि छुट्याउनु पर्ने ब्यवस्था मिलाइने छ ।

- प्राकृतिक स्रोत साधनहरुको उत्खनन, बिक्री तथा सो सँग सम्बन्धित सेवा शुल्क बापत उठाइएको राजश्वको १० प्रतिशतले हुन आउने रकम प्रत्येक बर्ष अनिवार्य रुपमा जम्मा हुने गरि जलवायु अनुकुलन स्थानीय कोषको स्थापना गरिने छ ।
- आगामी आ.व. मा थप ३ वटा वडाहरुलाई वातावरण मैत्री घोषणा गर्न र अन्य वडाहरुमा आवश्यक तयारी कार्यका लागि कार्यक्रम संचालन गरिने छ ।
- नाम्सालिङ सामुदायिक विकास संस्था (NCDC) सँगको सहकार्यमा ग्रीन इलाम अवधारणालाई पुनर्उत्थान सहित कार्यान्वयनका लागि अभियानमुलक कार्यक्रम संचालन गरिने छ ।
- इलाम ग्रीनसँगको सहकार्यमा पोलिथिन झोला मुक्त नगर तथा धुम्रपान र मध्यपान निषेधित सार्वजनिक क्षेत्रका लागि निगरानी र सचेतना कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- प्रकृति रिसोर्सेस सेन्टरसँगको सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा गरि कार्यान्वयन गरिने छ।
- सहयात्रा नेपालसँगको सहकार्यमा विद्यालयमा गठन भएका वातावरण क्लवहरुलाई अभिमुखीकरण तथा परिचालन कार्यक्रम संचालन गरिने छ ।
- इलाम नगरपालिकाको बजार क्षेत्र तथा जनघनत्व बढी रहेका क्षेत्रमा आगलागीबाट हुने क्षति न्यूनिकरणका लागि Rapid Response प्रयोजनार्थ Fire Hydrant का लागि आवश्यक पर्ने Hose Pipe र Cabinet खरिद गरि जडान गरिने छ ।
- नगरपालिकाको आपतकालीन कार्य संचालन केन्द्रलाई पूर्ण क्षमतामा संचालन गर्न आवश्यक सामाग्रीहरुको व्यवस्था गर्नुका साथै उक्त केन्द्रमा खटिने जनशक्तिको लागि दुर्घटना बिमा गरिने छ ।
- मानव र वन्यजन्तु बीचको द्वन्द्वलाई व्यवस्थापन गर्ने कृयाकलापहरु मार्फत बाँदरबाट कृषि बाली जोगाउने कार्यक्रम संचालन गरिने छ ।
- विभिन्न वडाहरुमा पानीको मुहान सीमसार क्षेत्र र जैविक विविधता संरक्षणका कार्यक्रमहरु संचालन गरिने छ ।

**५. सुशासन तथा संस्थागत विकास**

- घर घरमा नगर कार्यक्रम अन्तर्गत कृषि पशु सेवा स्वास्थ्य अपाङ्गता लगायतका सेवाहरु घरदैलोमा प्रदान गर्न एकीकृत घुम्ति शिविरलाई निरन्तरता दिइनेछ ।
- जन प्रतिनिधी एवं कर्मचारीहरुको क्षमता विकासका लागि तालिम कार्यक्रम संचालन गरिने छ ।
- इलाम सामुदायिक कृषि क्याम्पसलाई कृषि क्षेत्रको अनुसन्धान निकाय र Think Tank का रुपमा उपयोग गर्दै नगदे तथा खाद्यान्न बाली र फलफूल खेतीमा देखिएका समस्याहरुको निराकरणका लागि अध्ययन अनुसन्धान गरि कार्यक्रम संचालन गरिने छ ।
- कार्यालयको एकीकृत सफ्टवेयरलाइ पूर्ण रुपमा उपयोग गरि Paperless Management को अभ्यासलाई थप प्रभावकारी बनाइने छ ।
- कार्य सम्पादनमा उत्कृष्ट कर्मचारीलाई पुरस्कृत र सम्मान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- संचार क्षेत्रसँगको सहकार्यमा उपयोगी प्रस्तावमा आधारित कार्यक्रमहरु संचालन गरिने छ ।
- पत्रकारिता क्षेत्रमा कृयाशील भइ योगदान दिने पत्रकारहरुलाई पुरस्कृत गर्न नगर प्रमुख पत्रकारिता पुरस्कार कोषको व्यवस्थालाई निरन्तरता दिइने छ ।
- सुशासन प्रवर्द्धनका लागि नागरिक सन्तुष्टि सर्वेक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण तथा गुनासो सुनुवाइलाई प्रभावकारी रुपमा कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।
- मालपोत तथा भूमि कर, एकीकृत सम्पत्ति कर र व्यवसाय कर प्रथम चौमासिक भित्र भुक्तानी गर्ने करदातालाई १० प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिइने छ ।
- एकल महिलाको नाममा दर्ता भइ संचालन हुने व्यवसायमा १० प्रतिशत कर छुटको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- अघिल्लो आर्थिक बर्ष र चालु आर्थिक बर्षको राजश्वको तुलनात्मक प्रगति बमोजिम वडालाई दिइदै आएको राजश्व प्रोत्साहनलाई निरन्तरता दिइने छ ।

- नगरसँग सिमाना जोडिएका तथा अन्य स्थानीय तहहरुसँग प्रभावकारी समन्वय र सहकार्य कायम गरि साझा हितका योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

**नेपालको संविधान २०७२**
**अनुसूची-८**
**(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)**
**<u>स्थानीय तहको अधिकारको सूची</u>**

| क.सं | विषयहरू |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ. एम सञ्चालन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ८ | आधारभूत र माध्यमिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाइ |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ |
| १२ | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गा धनी पुर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा |
| २० | विपद व्यवस्थापन |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार नगरपालिकाको काम, कर्तव्य र अधिकार

**क. नगर प्रहरी**

(१) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुऱ्याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्नेः–

(क) गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिका वा नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य।

**ख. सहकारी संस्था**

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,

(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,

(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

(७) स्थानीय सहकारी क्षेत्रको प्रवद्र्धन, परिचालन र विकास ।

ग. एफ.एम. सञ्चालन

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,

(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

**घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बन्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवद्र्धन,

(६) ढुगां, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुगां आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन

(७) प्रचलित कानुन बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन

(८) स्थानीय राजस्व प्रवद्र्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याकंको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सकंलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य।

**ङ. स्थानीय सेवाको व्यवस्थापन**

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,
(३) सगंठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,
(४) स्थानीय कानून बमोजिम सगंठन तथा व्यवस्थापन सर्वेक्षण गरी सगंठन संरचना तथा दरबन्दी निर्धारण,
(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवद्र्धन र नियमन,
(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,
(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

**च. स्थानीय तथ्याकं र अभिलेख सकंलन**

(१) स्थानीय तथ्याकं सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
(२) आधारभूत तथ्याकं सङ्कलन र व्यवस्थापन,
(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,
(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याकंको सकंलन र व्यवस्थापन,
(५) स्थानीय तथ्याकं र अभिलेख सकंलन सम्बन्धी अन्य कार्य ।

**छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना**

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन र नियमन,
(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याकंन,
(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याकंन,
(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,
(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,
(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,
(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याकंन,
(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको "घ" वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,
(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवद्र्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,
(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,
(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

**ज. आधारभूत र माध्यमिक शिक्षा**

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन र नियमन,
(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याकंन र नियमन,
(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
(८) विद्यालयको नामाकरण,
(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
(१२) विद्यालयको नक्साकंन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(१७) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,

(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**झ. आधारभूत स्वास्थ्य र सरसफाई**

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,

(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवद्र्धन,

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,

(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,

(७) स्वास्थ्यजन्य फोहरमैला सङ्ढलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,

(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,

(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,

(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

**ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) बजार तथा हाट बजार व्यवस्थापन,

(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

(७) स्थानीय व्यापारको तथ्याकं प्रणाली र अध्ययन अनुसन्धान,

(८) निजी तथा गैरसरकारी क्षेत्रसग समन्वय र सहकार्य,

(९) स्थानीय व्यापार प्रवद्र्धन, सहजीकरण र नियमन,

(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवद्र्धन र अभिलेखाकंन,

(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,

(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,

(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,

(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,

(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य।

**ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाइ**

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुगें पूल, पुलेसा, सिँचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

**ठ. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन**

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन ,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**ड. स्थानीय अभिलेख व्यवस्थापन**

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैगिंक सशक्तीकरण सूचकाड्ढ, राजश्व तथा आयव्यय समेतको तथ्याकं सकंलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य।

**ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण**

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य ।

**ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी**

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(३) कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

| ७ | ७ नं. वडा कार्यालय गौतमबुद्ध सभागृह | इलाम | १,२ | नरेश श्रेष्ठ | ९८४२६२७६३९ | उर्मिला अवाले | ९८४२६४५१९९ | मन्दिरा श्रेष्ठ | ९८६२७५५६१९ |
| ८ | ८ नं. वडा कार्यालय मसार | इलाम | ६,७ | दलमान तामांग | ९८४२७२८३०० | गौरा भट्टराई | ९८४२६४६४७४ | रविन राया क्षेत्री | ९८५२६८१२७० |
| ९ | ९ नं वडा कार्यालय शेरा | इलाम | ३,४,५ | गोपाल चौहान | ९८४२६२७०३४ | अर्जुन थापा | ९८५२६८१८२८ | सविता धिताल | ९८६६३३४७८४ |
| १० | १० नं. वडा कार्यालय गोदक | गोदक | १–९ | ओमनाथ प्रधान | ९८१७९६७१०५ | रविन्द्र घिमिरे | ९८६२६७०२४४ | ललित याख्खा | ९८४४६५१४८ |
| ११ | ११ नं. वडा कार्यालय सोयाक | सोयाक<br>सिद्धिथुम्का | १–९<br>७ | टासी जवेगु | ९८१५९५२४२४ | रेबुराज आचार्य | ९८४२७२७१६६ | प्रेमनाथ अधिकारी | ९८४२७२१८१३ |
| १२ | १२ नं. वडा कार्यालय साङ्गरुम्वा | साङ्गरुम्वा | १–६ | लाखमान लिम्बु | ९८१५०४९१८२ | इन्द्रलाल घिमिरे | ९८४२७२७५६७ | | |

**निर्णय गर्ने प्रक्रिया र अधिकारी**

- वार्षिक कार्यक्रम- नगर सभा
- दैनिक सञ्चालन सम्बन्धी निर्णय- नगर कार्यपालिका
- अन्य दैनिक नियमित विकास निर्माण तथा नीतिगत कार्यहरू – नगर प्रमुख
- अन्य दैनिक नियमित प्रशासनिक कार्यहरू – प्रमुख प्रशासकीय अधिकृत

**निर्णय उपर उजुरी सुन्ने अधिकारी**

नगर प्रमुख श्री केदार थापा, इलाम नगरपालिका
प्रमुख प्रशासकीय अधिकृत श्री गणेशकुमार खड्का, इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

**सूचना अधिकारी र प्रमुखको नाम पद**

सूचना अधिकारी : श्री बबुल भक्त राज, प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत : श्री गणेशकुमार खड्का
नगर प्रमुख : श्री केदार थापा

## नेपालको संविधान बमोजिम २०७४।३।१४ गते सम्पन्न स्थानीय तहको दोस्रो चरणको निर्वाचनअन्तर्गत इलाम नगरपालिकाको निर्वाचन पश्चात इलाम नगरपालिकाबाट स्वीकृत ऐन, नियम, कार्यविधि, निर्देशिका, आचार संहिता र प्रतिवेदनहरुको सूची

**इलाम नगरपालिका, प्रथम नगरसभा (२०७४।५।२५ – २०७४।६।४) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०७४– २०७४।५।२७
२. इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७४ – २०७४।५।२७
३. इलाम नगरपालिका, सहकारी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ – २०७४।५।३०
४. इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ – २०७४।५।३०

**इलाम नगरपालिका, दोस्रो नगरसभा (२०७४।११।२७ – २०७४।११।२९) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, सहकारी ऐन, २०७४ – २०७४।११।२८ (इलाम नगरपालिकाको प्रथम नगर सभाबाट पारित सहकारी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ खारेज भई नयाँ सहकारी ऐन, २०७४ जारी भएको)
२. इलाम नगरपालिका, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ – २०७४।११।२८
३. इलाम नगरपालिका, कर्मचारी व्यवस्थापन ऐन, २०७४ – २०७४।११।२८
४. इलाम नगरपालिका, कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ – २०७४।११।२८
५. इलाम नगरपालिका, बजार अनुगमन ऐन, २०७४– २०७४।११।२८
६. इलाम नगरपालिका, न्यायिक समिति (कार्यविधि नियमित गर्ने) ऐन, २०७४ – २०७४।११।२८
७ . इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७४ को दफा २ को उपदफा (१) को साविक अनुसूची–१ लाई संशोधन – २०७४।११।२९

**इलाम नगरपालिका, तेस्रो नगरसभा (२०७५।३।७ – २०७५।३।११) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, विपद् व्यवस्थापन ऐन, २०७४ – २०७५।३।८
२. इलाम नगरपालिका, कर तथा गैरकर लगाउने तथा उठाउने ऐन, २०७५ – २०७५।३।८
३. इलाम नगरपालिका, शिक्षा ऐन, २०७५ – २०७५।३।८
४.इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०७५ – २०७५।३।११
५. इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७५ – २०७५।३।११

**इलाम नगरपालिका, चौथो नगरसभा (२०७५।९।११ – २०७५।९।१२) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, नगर प्रहरी व्यवस्थापन ऐन, २०७५ – २०७५।९।१२
२. इलाम नगरपालिका, संस्थाको अभिलेख व्यवस्थापन ऐन, २०७५ – २०७५।९।१२
३. इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा संचालन ऐन, २०७४ मा संशोधन – २०७५।९।१२

**इलाम नगरपालिका, पाँचौ नगरसभा (२०७६।३।९ – २०७६।३।११) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, संघसंस्था ऐन, २०७६ – २०७६।३।१०
२. इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन २०७६ – २०७६।३।१०
३. इलाम नगरपालिका, विनियोजन ऐन, २०७६ – २०७६।३।१०
४. इलाम नगरपालिका, स्वास्थ्य तथा सरसफाइ ऐन, २०७६ – २०७६।३।११
५. इलाम नगरपालिका, पूर्वाधार विकास सम्बन्धी ऐन, २०७६ –२०७६।३।१२
६. इलाम नगरपालिका, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन ऐन, २०७६ – २०७६।३।१२

**इलाम नगरपालिका, छैटौ नगरसभा (२०७६।११।८ – २०७६।११।११) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, इलाम नगरकार्यपालिकाको कर्मचारी व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७६ – २०७६।११।८
२. इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा सञ्चालन (दोस्रो संशोधन) ऐन, २०७६ – २०७६।११।८
३. इलाम नगरपालिका, विनियोजन (पहिलो संशोधन) ऐन, २०७६ – २०७६।११।११
४. इलाम नगरपालिका, आर्थिक (पहिलो संशोधन) ऐन, २०७६ – २०७६।११।११

**इलाम नगरपालिका, सातौ नगरसभा (२०७७।३।९ – २०७७।३।१०) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन २०७७ – २०७७।३।१०
२. इलाम नगरपालिका, विनियोजन ऐन, २०७७ – २०७७।३।१०
३. इलाम नगरपालिका कर्मचारी व्यवस्थापन (दोस्रो संशोधन) ऐन, २०७७ – २०७७।३।१०

**इलाम नगरपालिका, विशेष नगरसभा (२०७७।६।१८) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ – २०७७।६।१८

**इलाम नगरपालिका, आठौ नगरसभा (२०७७।९।२७) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका खानेपानी व्यवस्थापन ऐन, २०७७ – २०७७।९।२७
२. इलाम नगरपालिका, नगर प्रहरी व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७७ – २०७७।९।२७

**इलाम नगरपालिका, नवौ नगरसभा (२०७८।३।९ – २०७८।३।१०) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन २०७८ – २०७८।३।९
२. इलाम नगरपालिका, विनियोजन ऐन, २०७८ – २०७८।३।९
३. इलाम नगरपालिका, नगर प्रहरी व्यवस्थापन (दोस्रो संशोधन) ऐन, २०७८ – २०७८।३।१०
४. इलाम नगरपालिका कर्मचारी व्यवस्थापन (तेस्रो संशोधन) ऐन, २०७८ – २०७८।३।१०
५. इलाम नगरपालिका, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण (पहिलो संशोधन) ऐन, २०७८ – २०७८।३।१०

**इलाम नगरपालिका, विशेष नगरसभा (२०७८।७।५) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका, खानेपानी व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७५ – २०७८।७।५
२. इलाम नगरपालिका, विनियोजन (पहिलो संशोधन) ऐन, २०७८ – २०७८।७।५

**इलाम नगरपालिका, दसौ नगरसभा (२०७८।१०।२७) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका, वन ऐन, २०७८ – २०७८।१०।२७
२. इलाम नगरपालिका, विनियोजन (दोस्रो संशोधन) ऐन, २०७८ – २०७८।१०।२७

**इलाम नगरपालिका, एघारौ नगरसभा (२०७९।३।९ – २०७९।३।१०) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन २०७९ – २०७९।३।९
२. इलाम नगरपालिका, विनियोजन ऐन, २०७९ – २०७९।३।९

**इलाम नगरपालिका, बाह्रौ नगरसभा (२०७९।१०।६) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका विकास निर्माण मापदण्ड (चौथो संशोधन), २०७९- २०७९।१०।६
२. इलाम नगरपालिका, कर्मचारी व्यवस्थापन (चौथो संशोधन) ऐन, २०७९- २०७९।१०।६
३. इलाम नगरपालिका, आर्थिक व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९- २०७९।१०।६
४. इलाम नगरपालिका, विनियोजन (पहिलो संशोधन) ऐन, २०७९- २०७९।१०।६
५. इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी (तेस्रो संशोधन) ऐन, २०७९- २०७९।१०।६

**इलाम नगरपालिका, तेह्रौ नगरसभा (२०८०।३।०९) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका कर्मचारी व्यवस्थापन (पाँचौ संशोधन) ऐन, २०८०- २०८०।३।०९
२. इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०८०- २०८०।३।०९
३. इलाम नगरपालिका, विनियोजन ऐन, २०८०- २०८०।३।०९
४. इलाम नगरपालिका, खानेपानी व्यवस्थापन (दोश्रो संशोधन) ऐन, २०८०- २०८०।३।९

**इलाम नगरपालिका, चौधौं नगरसभा (२०८०।१०।२०) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका, कृषि ऐन, २०८०- २०८०।१०।२०
२. इलाम नगरपालिका, विनियोजन ऐन, २०८० (पहिलो संशोधन)- २०८०।१०।२०

**इलाम नगरपालिका, पन्ध्रौं नगरसभा (२०८१।३।०९) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०८१- २०८१।३।०९
२. इलाम नगरपालिका, विनियोजन ऐन, २०८१- २०८१।३।०९

**इलाम नगरपालिका, सत्रौं नगरसभा (२०८२।३।०९) बाट पारित ऐनको विवरण**
१. इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०८२- २०८२।३।०९
२. इलाम नगरपालिका, विनियोजन ऐन, २०८२- २०८२।३।०९

**इलाम नगरपालिका, नगर कार्यपालिका बैठकबाट पारित नियमावली, कार्यविधि तथा निर्देशिकाको विवरण**
१. इलाम नगरपालिका, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ – २०७४।४।५
२. इलाम नगरपालिका, नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ – २०७४।४।५
३. इलाम नगरपालिका, नगर कार्यपालिका (बैठक सञ्चालन) कार्यविधि, २०७४ – २०७४।४।५
४. इलाम नगरपालिका, प्रमाणीकरण नियमावली, २०७४ – २०७४।५।५
५. इलाम नगरपालिका, बस्ती विकास सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७४ मा संशोधन – २०७४।५।५
६. इलाम नगरपालिका, योजना तथा बजेट तर्जुमा नियमावली, २०७४ – २०७४।५।१९
७. इलाम नगरपालिका, नगर सभा सञ्चालन कार्यविधि, २०७४ – २०७४।५।१९
८. इलाम नगरपालिका, एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ – २०७४।५।२६

९. इलाम नगरपालिका, स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ – २०७४।६।४
१०. इलाम नगरपालिका, यान्त्रिक उपकरण सञ्चालन कार्यविधि, २०७४ – २०७४।७।८
११. इलाम नगरपालिका, घर निर्माण तथा मर्मत कार्य गर्ने मजदुर कल्याण कोष सञ्चालन कार्यविधि, २०७४ – २०७४।७।८
१२. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ – २०७४।९।१६
१३. इलाम नगरपालिका, साहित्य, कला संगीत प्रतिष्ठान सञ्चालन निर्देशिका, २०७४ – २०७४।११।१०
१४.इलाम नगरपालिका, नगर खेलकुद प्रतिष्ठान सञ्चालन निर्देशिका, २०७४ – २०७४।११।१०
१५.इलाम नगरपालिका, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ मा संशोधन– २०७४।११।१०
१६.इलाम नगरपालिका, नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ मा संशोधन– २०७४।११।१०
१७. इलाम नगरपालिका मेलमिलाप कार्यविधि, २०७४ – २०७४।११।२५
१८. इलाम नगरपालिका, युवा परिषद सञ्चालन कार्यविधि, २०७४– २०७४।११।२५
१९. इलाम नगरपालिका, नगरस्तरीय दलित समन्वय समिति कार्यविधि, २०७४– २०७४।११।२५
२०. इलाम नगरपालिका, पर्यटन प्रवर्द्धन समिति निर्देशिका, २०७४– २०७४।११।२५
२१. इलाम नगरपालिका, स्थानीय राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७४ – २०७४।१२।५
२२. इलाम नगरपालिकाका पदाधिकारीहरुको सुविधा सम्बन्धी नियमावली, २०७५, – २०७५।२।३१
२३. इलाम नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने कायविधि, २०७५– २०७५।१।८
२४. इलाम नगरपालिका, “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७५– २०७५।१।८
२५. इलाम नगरपालिकाको एकीकृत सम्पत्ति कर कार्यविधि, २०७५– २०७५।१।८
२६. इलाम नगरपालिका उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि २०७५– २०७५।१।१७
२७. इलाम नगरपालिका धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समिति गठन तथा सञ्चालन निर्देशिका, २०७५ – २०७५।२।३१
२८. इलाम नगरपालिका, गौतमबुद्ध सभागृह सञ्चालन निर्देशिका, २०७५ – २०७५।३।७
२९. इलाम नगरपालिका “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७५ मा संशोधन– २०७५।५।५
३०. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा संशोधन – २०७५।५।५
३१. इलाम नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने कायविधि, २०७५ मा संशोधन – २०७५।५।५
३२. इलाम नगरपालिका, सामाजिक सुरक्षा कार्यविधि, २०७५ – २०७५।५।५
३३. इलाम नगरपालिका, स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ मा संशोधन – २०७५।६।५
३४. इलाम नगरपालिका, बस्ती विकास सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७४ मा संशोधन – २०७५।७।७
३५. इलाम नगरपालिका, अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ – २०७५।१०।२३
३६. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा संशोधन – २०७५।११।५
३७. इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ – २०७५।११।५
३८. इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ – २०७५।११।५
३९. इलाम नगरपालिका, गरिबी निवारण तथा सामाजिक परिचालन कोष सञ्चालन कार्यविधि, २०७५ – २०७५।११।१७
४०. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा तेस्रो संशोधन – २०७६।१।५
४१. इलाम नगरपालिका, स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७६ – २०७६।१।२७
४२. इलाम नगरपालिका इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा चौथो संशोधन – २०७६।४।५
४३. इलाम नगरपालिका संस्था दर्ता सम्बन्धी नियम, २०७६ – २०७६।६।२७
४४. इलाम नगरपालिका, उपप्रमुख महिला सीप विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ – २०७६।७।५
४५. इलाम नगरपालिका, नगरस्तरीय दलित समन्वय समिति कार्यविधि, २०७४ मा पहिलो संशोधन २०७६ – २०७६।७।५
४६. इलाम नगरपालिका, शिक्षा नियमावली २०७४ मा पाँचौ संशोधन – २०७६।८।१३
४७.इलाम नगरपालिका, मेलमिलाप कार्य सञ्चालन कार्यविधि, २०७४ मा पहिलो संशोधन २०७६ – २०७६।८।१३
४८. इलाम नगरपालिका इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा पाँचौ संशोधन २०७६ – २०७६।८।१३
४९. इलाम नगरपालिका, चाडपर्व तथा शोक बिदा व्यवस्थित गर्ने कार्यविधि, २०७६ – २०७६।८।२७
५०. इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्य विभाजन नियमावली (दोस्रो संशोधन), २०७६ – २०७६।१०।५
५१. इलाम नगरपालिका, संघसंस्था दर्ता सम्बन्धी नियमावली, २०७६ – २०७६।१०।५
५२. इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यसम्पादन नियमावली (दोस्रो संशोधन), २०७६ – २०७६।१०।५
५३. इलाम नगरपालिका, इन्डक्सन चुल्हो अनुदान वितरण कार्यविधि, २०७६ – २०७६।१०।५
५४. इलाम नगरपालिका, घर बहाल कर व्यवस्थापन, कार्यविधि, २०७६ – २०७६।१२।५
५५. इलाम नगरपालिका, व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ – २०७६।१२।५
५६. इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ (पहिलो संशोधन), – २०७६।१२।५
५७. इलाम नगरपालिका, पाटेनागी पर्यटकीय तथा विशेष क्षेत्र संरक्षण तथा सम्वर्द्धन समिति सञ्चालन निर्देशिका, २०७६ – २०७६।१२।५
५८. इलाम नगरपालिका, आकस्मिक कोष सञ्चालन कार्यविधि, २०७६ – २०७६।१२।१९
५९. इलाम नगरपालिका, इलाम अस्पतालमा विशेषज्ञ सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ – २०७७।४।५
६०. इलाम नगरपालिका, आयोजना उपभोक्ता समिति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७७ – २०७७।५।१९
६१. इलाम नगरपालिका, सूचना तथा विज्ञापन प्रसारण कार्यविधि, २०७७ – २०७७।६।११
६२. इलाम नगरपालिका, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ – २०७७।६।२३
६३. इलाम नगरपालिका, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन कार्यविधि, २०७७ – २०७७।६।२३
६४. इलाम नगरपालिका, खानेपानी सेवा शुल्क नियमावली, २०७७ – २०७७।१०।१६
६५. इलाम नगरपालिका, लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७७ – २०७७।१०।१६
६६. इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि २०७७ – २०७७।११।२३
६७. इलाम नगरपालिका, बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७७ – २०७७।१२।५
६८. इलाम नगरपालिका, इलाम नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ – २०७७।१२।१७
६९. इलाम नगरपालिका, इलाम आँखा अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ – २०७७।१२।२३
७०. इलाम नगरपालिका, सिटीमार्ट संरक्षण, सञ्चालन, व्यवस्थापन तथा सम्वर्द्धन कार्यविधि, २०७८ – २०७८।१।६

७१. इलाम नगरपालिका पाटेनागी पर्यटन प्रवर्द्धन समिति सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८ – २०७८।१।१७
७२. इलाम नगरपालिका, शिक्षा (छैटौं संशोधन) नियमावली, २०७८ – २०७८।१।१७
७३. इलामनगरपालिका, करारमा कर्मचारी व्यवस्थापनसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७८ – २०७८।२।२३
७४. इलाम नगरपालिका, इलाम आँखा अस्पताल सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७८ – २०७८।२।३०
७५. इलाम नगरपालिकाद्वारा सञ्चालित इलाम सामुदायिक कृषि क्याम्पस सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ – २०७८।२।३०
७६. इलाम नगरपालिका, इलाम नगरपालिका, इलाम नगरपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८ – २०७८।३।१५
७७. इलाम नगरपालिका शिक्षा (सातौ संशोधन) नियमावली, २०७८ – २०७८।४।२०
७८. इलाम नगरपालिका, नगर दलित समन्वय समिति सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०७८ – २०७८।५।७
७९. इलाम नगरपालिका, गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यसम्बन्धी निर्देशिका, २०७८ – २०७८।६।५
८०. इलाम नगरपालिका, खानेपानी कर्मचारी व्यवस्थापनसम्बन्धी नियमावली, २०७८ – २०७८।८।५
८१. इलाम नगरपालिका, शिक्षा (आठौ संशोधन) नियमावली, २०७८ – २०७८।८।१५
८२. इलाम नगरपालिकाद्वारा संचालित इलाम सामुदायिक कृषि क्याम्पस सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७८–२०७८।८।२२
८३. इलाम नगरपालिकाद्वारा संचालित इलाम सामुदायिक कृषि क्याम्पस सञ्चालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०७८–२०७८।१०।२६
८४. इलाम नगरपालिका, स्वास्थ्य बीमा संयोजन समिति सञ्चालन कार्यविधि, २०७८–२०७८।११।५
८५. इलाम नगरपालिकाद्वारा सञ्चालित इलाम सामुदायिक आँखा अस्पताल सञ्चालन तथा व्यवस्थापन (तेस्रो संशोधन) कार्यविधि २०७८– २०७८।११।२४
८६. इलाम नगरपालिका, फोहोरमैला व्यवस्थापन तथा सरसफाइसम्बन्धी कार्यविधि, २०७८ – २०७८।११।२४
८७. इलाम नगरपालिका, विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७८ – २०७८।१२।२४
८८. इलाम नगरपालिका, सुरक्षित आप्रवासनसम्बन्धी कार्यविधि, २०७८ – २०७८।१२।२४
८९. इलाम नगरपालिका, आर्थिक सहयता तथा अनुदान कार्यविधि, २०७९ – २०७९।६।६
९०. इलाम नगरपालिका, भूउपयोग कार्यविधि, २०७९ – २०७९।६।६
९१. इलाम नगरपालिका, नगर कृषि प्रवर्द्धन समिति सचालन कार्यविधि, २०७९ – २०७९।६।६
९२. इलाम नगरपालिका, बडाहाकिम गजराजसिंह थापा स्मृति प्रतिष्ठान सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ – २०७९।६।६
९३. इलाम नगरपालिका, स्वास्थ्य हेल्प डेक्स संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९- २०७९/८/८
९४. इलाम नगरपालिका, अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७९- २०७९/८/८
९५. इलाम नगरपालिका, कृषकहरुलाई गाई खरिदमा अनुदान कार्यविधि, २०७९- २०७९/८/८
९६. इलाम नगरपालिका, बाल अधिकार संरक्षण तथा सम्बर्द्धन (पहिलो संशोधन) कार्यविधि, २०७९- २०७९/८/८
९७. इलाम नगरपालिका, नमूना विद्यालय प्रबर्द्धन कार्यविधि, २०७९- २०७९/८/२३
९८. इलाम नगरपालिका,साना सिंचाई आयोजना सञ्चालन निर्देशिका, २०७९- २०७९/९/२८
९९. इलाम नगरपालिका, इलाम स्वास्थ्य विज्ञान प्रतिष्ठान संयोजन समिति कार्यविधि, २०७९- २०७९/१०/०५
१००. इलाम नगरपालिका, विकास मापदण्ड (चौथो संशोधन), २०७९- २०७९/१०/०६
१०१. इलाम नगरपालिकाको संगठन तथा व्यवस्थापन सभेक्षण प्रतिवेदन, २०७६ मा संशोधन, २०७९- २०७९/१०/०६
१०२. इलाम नगरपालिका, आय ठेक्का व्यवस्थापन कार्यविधि, २०७९- २०७९/१०/२५
१०३. इलाम नगरपालिका, सहकारी संस्था एकिकरण कार्यविधि, २०७९- २०७९/११/२९
१०४. इलाम नगरपालिका, टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९- २०७९/११/२९
१०५. इलाम नगरपालिका, सामुदायिक विद्यालय (आर्थिक व्यवस्थापन कार्यविधि, २०७९- २०७९/११/२९
१०६. इलाम नगरपालिका, नगर दलित समन्वय समिति संचालन कार्यविधि, २०७४ (दोश्रो संशोधन)- २०७९/११/२९
१०७. इलाम नगरपालिका, उप-प्रमुख महिला सीप विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ (पहिलो संशोधन)- २०७९/११/२९
१०८. इलाम नगरपालिका, सुरक्षित आप्रवासन आपतकालिन कोष संचालन निर्देशिका, २०७९- २०७९/१२/०४
१०९. इलाम नगरपालिका, सामुदायिक रेडपाण्डा संरक्षण केन्द्र संचालन कार्यविधि, २०८०- २०८०/३/८
११०. इलाम नगरपालिका, कर्मचारी स्वावलम्बन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०- २०८०/३/८
१११. इलाम नगरपालिका, इलाम नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह बृद्धिसम्बन्धी कार्यविधि, २०८०- २०८०/३/१६
११२. इलाम नगरपालिका, वहाल भाडा व्यवस्थापन कार्यविधि, २०८०- २०८०/३/१६
११३. इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि (चौथो संशोधन), २०८०- २०८०/०४/२६
११४. इलाम नगरपालिका, सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८०- २०८०/०४/२६
११५. इलाम नगरपालिका, दिसाजन्य लेदो व्यवस्थापन कार्यविधि, २०८०- २०८०/०४/२६
११६. इलाम नगरपालिका, अनुदानको मल स्थानीय तहमा आपूर्ति तथा वितरण व्यवस्थापन कार्यविधि, २०८०- २०८०/०५/०६
११७. इलाम नगरपालिका, उद्यमशिलता विकास तथा प्रबर्द्धन कार्यविधि, २०८०- २०८०/०६/१८
११८. इलाम नगरपालिका, सार्वजनिक खरिद नियमावली, २०८०- २०८०/०६/१८
११९. इलाम नगरपालिका, विज्ञ उपयोग कार्यविधि, २०८०- २०८०/०९/२९
१२०. इलाम नगरपालिका, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८०- २०८०/०९/२९
१२१. इलाम नगरपालिका, विकास निर्माण मापदण्ड (पाँचौं संशोधन), २०८०- २०८०/१०/२०
१२२. इलाम नगरपालिका, वहाल भाडा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०८०- २०८०/११/१५
१२३. इलाम नगरपालिका, स्थानीय विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०८०- २०८०/१०/१७
१२४. इलाम नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८०- २०८०/१०/१७
१२५. इलाम नगरपालिका, वातावरण मैत्री स्थानीय शासन संचालन कार्यविधि, २०८०- २०८०/१२/१९
१२६. इलाम नगरपालिका, आय ठेक्का व्यवस्थापन कार्यविधि, २०७९ (दोश्रो संशोधन) २०८१- २०८१/०३/०७
१२७. इलाम नगरपालिका, बहुतले भवन भाडा/वहाल व्यवस्थापन कार्यविधि, २०८१- २०८१/०६/०६
१२८. इलाम नगरपालिका, मजदुर कल्याणकारी कोष संचालन कार्यविधि, २०८१- २०८१/०७/११
१२९. इलाम नगरपालिका, वातावरण क्लवको गठन, संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१- २०८१/०७/११
१३०. इलाम नगरपालिका, कृषि समूह गठन कार्यविधि, २०८१- २०८१/०७/११
१३१. इलाम नगरपालिका, हिंसा पीडित महिला आश्रय केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१- २०८१/०८/१३
१३२. इलाम नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि (दोश्रो संशोधन), २०७९- २०८१/१०/०९

१३३. इलाम नगरपालिका, उपप्रमुख सीप विकास कोष संचालन कार्यविधि, २०७६ (दोश्रो संशोधन), २०८१/११/१५
१३४. इलाम नगरपालिकाको गाईको प्रजननको लागि उन्नत नस्लको सिमेन वितरण सम्बन्धी कार्यविधि, २०८१- २०८१/११/१५
१३५. इलाम नगरपालिका, सुरक्षित आवास केन्द्र (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१- २०८१/११/१५
१३६. इलाम नगरपालिका, अर्थ तथा लेखा समितिको कार्य संचालन कार्यविधि, २०८२- २०८२/०२/१२

**इलाम नगरपालिका, नगर कार्यपालिका बैठकबाट पारित नीति/प्रतिवेदन- आचारसंहिताको विवरण**

१. इलाम नगरपालिका, लगानी प्रोत्साहन नीति, २०७५- २०७५/७/२० (कार्यपालिका)
२. इलाम नगरपालिका, घरेलु उद्योग प्रवर्द्धन नीति, २०७५- २०७५/७/२० (कार्यपालिका)
३. इलाम नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७६ – २०७६।११।८ (छैटौ नगर सभा) / २०७९/०३/०९ को नवौं नगरसभा सभाबाट थप दरबन्दी अनुमोदन (नगर सभा)
४. इलाम नगरपालिका, लैगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०७९ (२०७९/४/६)
५. इलाम नगरपालिकाको दिगो विकास लक्ष्यहरु स्थानीयकरण सम्बन्धी नीति तथा कार्ययोजना, २०७९ (२०७९।५।१४)
६. इलाम नगरपालिका सार्वजनिक सेवाको मापदण्ड, २०७९ (२०७९।५।१४)
७. इलाम नगरपालिका क्षमता विकास योजना, २०७९ (२०७९।५।१४)
८. इलाम नगरपालिका विकास मापदण्ड (चौथो संशोधन) २०७९ (२०७९।१०।६)
९. इलाम नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७६(संशोधन), २०७९ (२०७९।१०।६)
१०.इलाम नगरपालिका सामाजिक विभेद निवारण सम्बन्धी कार्ययोजना, २०७९ (२०७९।१२।२९)
११.इलाम नगरपालिका कृषि तथा पशुपंक्षी सम्बन्धी सेवा मापदण्ड २०७९ (२०७९।१२।२९)
१२.इलाम नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७६ मा संशोधन, २०८० (२०८०।३।९)
१३. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०८०- २०८०/९/२९
१३. बालमैत्री आचार संहिता, २०८०- २०८०/१२/१९
१४ इलाम नगरपालिकाको वित्तिय साक्षरता रणनीति २०८०-२०८५- २०८१/०३/०७
१५. इलाम नगरपालिका, कृषि उपज बजारीकरण नीति तथा योजना, २०८१- २०८१/०५/०७
१६. कार्यपालिका बैंठक संचालन तथा व्यवस्थापन आचार संहिता, २०८१- २०८१/०५/०७
१७. इलाम नगरपालिकाको शैक्षिक संस्थाका सवारी साधन सम्बन्धी मापदण्ड, २०८२- २०८२/०२/१२

## आ.व. २०८१/८२ मा सम्पादित कार्यहरुको संक्षिप्त प्रगति विवरण

### पूर्वाधार विकास तर्फ :-

- संघिय समपुरक अनुदान अन्तर्गत इलाम नगरपालिका-०३ स्थित मिलगोलाइ विणापाणी सडकमा आर.सि.सि.नाली सहित करिब १ किलोमिटर सडक ढलान सम्पन्न गरिएको छ ।
- प्रदेश समपुरक अनुदान अन्तर्गत इलाम नगरपालिका-०९ स्थित भञ्ज्याङ्ग सटके सडकमा आर.सि.सि.नाली सहित करिब ७३० मिटर सडक कालोपत्रे/ ढलान सम्पन्न गरिएको र इलाम नगरपालिका-०४ स्थित वडा कार्यालय भवन निर्माण अन्तिम चरणमा पुगेको छ ।
- नगर गौरबका सडक योजनाहरु मार्फत हाल सम्ममा करिब १० किलोमिटर सडकको स्तरोन्नती कार्य सम्पन्न गरिएको छ ।
- वडा नं. ०९ मा बहुउदेश्यीय कभर्ड हल निर्माण सम्पन्न गरिएको छ ।
- वडा नं. ०८ मा खर्कपोखरी सौन्दर्यीकरण कार्य अगाडि बढाइएको छ ।
- वडा नं. ०७ स्थित बजार क्षेत्रमा फुटपाथ निर्माण तथा चियाबारी सौन्दर्यीकरणको कार्य अगाडि बढाइएको छ ।
- वडा नं. ०७ का मुख्य सडकमा सडक बत्तिको व्यवस्था गरिएको छ ।
- विभिन्न वडाहरुमा श्रमदान जुटाइ पाँच हजार मिटर भन्दा बढी गोरेटो बाटो निर्माण सम्पन्न गरिएको छ ।
- साना सिंचाइ कार्यक्रम अन्तर्गत इलाम नगरपालिका वडा नं.१,४,५,१०,११ र १२ मा संचालित ८ वटा साना सिंचाई योजनाहरु मार्फत करिब ३२६० रोपनी खेतियोग्य जमिनमा सिंचाई सुविधा पुर्याइएको छ ।
- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत इलाम नगरपालिका वडा नं.१२, पिप्लिभञ्ज्याङ्ग स्थित स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न गरिएको छ ।
- इलाम नगरपालिका वडा नं ३ स्थित बाघखोर बजारमा करिब १७५ मिटर फुटपाथ निर्माण कार्य सम्पन्न गरिएको छ ।
- संघीय शसर्त योजना अन्तर्गत इलाम नगरपालिका वडा नं.६,८ र १० मा गरि ३ वटा मुख्य सडकहरुको स्तरोन्नती कार्य अन्तिम चरणमा पुगेको छ ।
- संघीय शसर्त योजना अन्तर्गत इलाम नगरपालिका वडा नं.०१ स्थित भालुपानीमा प्रधानमन्त्री पार्क निर्माण कार्यको डि.िप.आर.बमोजिम पूर्वाधार निर्माणका कार्य भएको छ ।
- संघीय शसर्त योजना अन्तर्गत इलाम नगरपालिका वडा नं.०९ स्थित सिंहवाहिनी मन्दिर परिसरमा पूर्वाधार निर्माणका कार्य अगाडि बढाइएको छ ।
- इलाम नगरपालिका वडा नं ०७ स्थित इलाम अस्पतालको इमर्जेन्सी भवन निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन भारतीय दुतावासमा पेश भइ स्वीकृतिको अन्तिम चरणमा रहेको छ ।

### शिक्षा, युवा तथा खेलकूद तर्फ :-

- स्थानीय तहस्तरिय र जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम संचालन भई जिल्ला स्तरिय प्रतियोगितामा इलाम नगरपालिकाले प्रथम स्थान हासिल गरेको ।
- सबै सामुदायिक विद्यालयहरूमा कक्षाकोठा डायरी वितरण गरी प्रभावकारी रूपमा कार्यान्वयन भएको ।
- स्थानीय विषय इलामको सेरोफेरोको कक्षा १-८ सम्मको पाठ्यक्रम निर्माण भई लागु भएको, कक्षा १-३ को पाठ्यपुस्तक निर्माण भई वितरण भैसकेको, कक्षा ४-५ को पाठ्यपुस्तकको मस्यौदा तयार भई छपाईको प्रक्रियामा रहेको र कक्षा ६-८ को पाठ्यपुस्तक निर्माणको प्रक्रियामा रहेको ।
- सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई वार्षिक रूपमा शैक्षिक बुलेटिन निर्माण गरी वितरण गरिएको ।
- नगर सभाको १६ औं अधिवेशनको अवसरमा कक्षागत रूपमा उत्कृष्ट जि.पि.ए. ल्याउने विद्यार्थी, अवकाश प्राप्त शिक्षक र नगर शिक्षा पदकबाट सामुदायिक तथा संस्थागत दुवै विद्यालयका विद्यार्थी र शिक्षकलाई सम्मान गरिएको ।
- प्रतिभा विकास कार्यक्रम अन्तर्गत नगर भित्रका सामुदायिक तथा संस्थागत जम्मा ५० वटा विद्यालयहरूमा हस्तलेखन अभ्यास तालिम संचालन भैरहेको ।
- नगरभित्रका ४२ वटा सामुदायिक विद्यालयहरूमा ई हाजिरी जडान भई संचालनमा रहेको ।
- इलाम नगरपालिका भित्रका १८ जना युवाहरुका लागि डिजिटल मार्केटिङ्ग सम्बन्धी तालिम सम्पन्न भएको ।

**कृषि तथा पशुपंक्षी तर्फ :-**

- एक कृषक समूह एक कृषक गुरु कार्यक्रम अन्तर्गत इलाम नगरपालिका सवै वडा भित्रका २३ कृषक समूहका कृषक गुरुहरुलाई नगदे बाली तरकारी बाली फलफूल बाली पशुपन्छी पालनसँग सम्वन्धित प्रशिक्षण प्रदान गरि कृषक समूहमा परिचालन गरिएको छ।
- घरेलु तथा साना उद्योग कार्यालय र कृषि ज्ञान केन्द्र इलाम सँगको सहकार्यमा ७५ वटा कृषि उपज, रैथाने बालीमा आधारित परिकार तथा विभिन्न फूल लगायतका स्थानीय उत्पादनहरुको प्रदर्शन एवं कारोबार गरि ७०० जना भन्दा बढिको सहभागितमा २ दिवसीय कृषि महोत्सव सम्पन्न गरिएको ।
- इलाम नगरपालिका सवै वडालाई प्रतिनिधित्व हुने गरी १० जना व्यवसायिक मौरी पालक कृषक हरुलाई २१ दिने रानी मौरी उत्पादन तालिम संचालन गरिएको ।
- विभिन्न वडाहरुमा उन्नत जातको कृषिबाली बिस्तारका लागि २९४० के.जी. गहुको बीउ, २३५५ के.जी.मकैको बीउ र ४०० के.जी. धानको बीउ साथै बेमौसमी तरकारीको बीउ वितरण गरिएको ।
- कृषिको यान्त्रिरणका लागि विभिन्न वडामा ६९ टनेल, ४८ मिनि टिलर, ३५ च्यापकटर, ९० मौरीको घार तथा २० हजार मिटर पाइप लगायतका सामाग्री वितरण गरिएको
- फौजी किराको औषधी वितरण गरि कृषि उत्पादनको संरक्षण गरिएको ।
- बाँसलाई विभिन्न प्रयोजनमा लामो समयसम्म टिकाउ हुने गरि प्रयोगमा ल्याउन वडा नं १० मा बाँस उपचार तालिम संचालन गरिएको ।
- इलाम नगरपालिका वडा नं. १२ साङरुम्बाको १३८ रोपनी क्षेत्रफलमा ८२ घरधुरी लाभान्भित हुने गरी अकबरे खुर्सानी पकेट विकास कार्यक्रम संचालन गरिएको छ।
- सामुदायिक कृषि क्याम्पससँगको सहकार्यमा माटो परिक्षण कार्यक्रम संचालन गरिएको छ ।
- इलाम नगरपालिका वडा नं.२ सुम्बेक र वडा नं.५ विब्ल्याटेमा सुन्तना जात फलफूल बिस्तार कार्यक्रम अन्तर्गत जुनार/ सुन्तला खेती बिस्तारमा १९२ घरधुर्री समेटिने गरी ५००० भन्दा बढी बिरुवा रोपण कार्यक्रम सम्पन्न गरिएको छ ।
- इलाम नगरपालिका वडा नं. ४, १० र ११ मा जम्मा २१७ घरधुरी लाभान्वित हुने गरी एकिकृत घुम्ती शिविरमा माटो तथा बाली उपचार व्यवस्थापन विधि आवश्यक सामग्री साथै प्रविधिक परामर्श सेवा उपलब्ध गराइएको छ ।
- इलाम नगरपालिका वडा नं. १ मा प्राङ्गारिक मल पुर्वाधार निर्माण गरि प्राङ्गारिक मल उत्पादन गर्न थालिएको छ।
- सवै वडालाई समेट्ने गरी व्यवसायिक सूर्यमुखी खेती प्रवर्द्धनका लागि सूर्यमुखी वीउ वितरण गरिएको छ।
- घुम्ती पशु स्वास्थ्य शिविर कार्यक्रम मार्फत इलाम नगरपालिका वार्ड नं २ ,४,१० र ११ का ४०१ घरधुरीमा सेवा प्रदान गरिएको ।
- ५१९७ गाई, भैसी तथा बाखाहरुका लागि कृत्रिम गर्भधान सेवा उपलब्ध गराइएको छ ।
- खोरेत रोग नियन्त्रण कार्यक्रम अन्तर्गत पहिलो र दोस्रो चरण गरेर २९४२५ गाई, गोरु तथा भैसीहरुमा खोरेत बिरुद्धको खोप लगाएको छ ।
- २७००० भेडा, बाखाहरुमा पि. पि. आर. रोग विरुद्धको खोप लगाएको छ ।
- १६५० कुकुर विरालोहरुमा रेविज रोग विरुद्धको खोप लगाएको छ ।
- भेटेरिनरी अस्पतालसँगको सहकार्यमा २४४ ओटा सामुदायिक कुकुरको बन्ध्याकरण गरिएको छ ।
- इलाम नगरपालिकाका ११ बटा वडाहरुमा असल पशुपालन अभ्यास सम्बन्धी अभिमुखीकरण कार्याक्रम संचालन गरि खोरेत रोग निगरानी समुह गठन गरिएको छ ।

- असल पशुपालन अभ्यास सम्बन्धी सबै वडाका ३ जना कृषकहरुका दरले जम्मा ३६ जनालाई ३ (तीन) दिने तालिम प्रदान गरिएको छ ।
- इलाम नगरपालिका वार्ड नं. १ बाघखोर र ९ नं. भन्ज्याङमा पशुपन्छी निगरानी केन्द्र स्थापना गरिएको
- डेरी व्यवसायीहरुलाई औजार उपकरण खरिदमा ५० प्रतिशतका दरले अनुदान उपलब्ध गराइएको छ ।

**स्वास्थ्य तर्फ :-**

- विशेषज्ञ घुम्ति शिविर संचालन कार्यक्रम मार्फत ४४६ जना सेवाग्राहीहरुलाई विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराइएको छ ।
- ५२० जना बालबालिकाहरुलाई पूर्ण खोप सेवा प्रदान गरिएको छ ।
- क्षयरोग खोजपड्तालका लागि AI एक्सरे संचालन गरि ६ जना नयाँ बिरामी पहिचान गरि उपचारको व्यवस्था मिलाइएको छ ।
- २२० जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर स्कृनिङ्ग जाँच सम्पन्न गरिएको छ।
- २२६३ जना किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप लगाइएको छ ।
- गर्भवती तथा सुत्केरीहरुका लागि पोषण व्यवहार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- विद्यालयका बालबालिकाहरुका लागि पोषण व्यवहार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- डेङ्गु रोगको रोकथाम तथा नियन्त्रण कार्यक्रम सम्पन्न (खोज र नष्ट गर अभियान) गरिएको छ ।
- उप-प्रमुख जेष्ठ नागरिक आयुर्वेदिक शिविरबाट ६९३ जना जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण गरि औषधी उपलब्ध गराइएको ।
- वडा नं. १ र १० मा मासिक तथा पाक्षिक रुपमा आयुर्वेदिक नागरिक क्लिनिक संचालन गरिएको ।
- नगर प्रमुख जेष्ठ नागरिक तथा कडा रोगी हेरचाह कार्यक्रम मार्फत गाउँ टोलमा नै गई स्वास्थ्य सेवा उपलब्ध गराइएको ।
- ब्रह्मकुमारी राजयोग सेवा केन्द्र इलामसँगको सहकार्यमा ७ नं. वडा कार्यालयको आयोजनामा विद्यार्थी, शिक्षक, स्थानीयवासी, राष्ट्रसेवक कर्मचारी गरि कुल १३ हजार जनालाई **सकारात्मक सोंचद्वारा रचनात्मक जीवनशैली विषयक** ५ दिवसीय प्रेरणादायी प्रशिक्षण प्रदान गरिएको ।

**महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक तर्फ :-**

- नगर महिला समन्वय समितिको संयोजनमा ३० जना किशोरीहरुलाई बैङ्किङ क्षेत्रको परिक्षा तयारीका लागि प्रशिक्षण कार्यक्रम संचालन गरिएको
- इलाम नगरपालिकाका सबै वडाहरुमा टोल विकास संस्थाको अगुवाइमा घरेलु हिंसा, साईवर क्राईम, लागुऔषध, चेलिवेटी बेचबिखन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।
- १,२, ५ र ६ वडाहरुलाई चालु आर्थिक बर्ष भित्रमा **बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा** गर्नका लागि कार्यक्रम सञ्चालन गरिएको साथै अन्य सबै वडाहरुमा प्रारम्भिक अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।
- लैंगिक समानता तथा सामाजिक समावेशिकरण अडिट सम्पन्न गरिएको ।
- टेवा नेपालको प्राविधिक सहयोगमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन कार्ययोजना तर्जुमा भएको ।
- बाल क्लव, वातावरण क्लवका प्रतिनिधि र शिक्षक सहित जम्मा ११५ जनालाई बाल विवाह न्युनीकरण, बालश्रम न्युनिकरण, साईबर क्राईम, बाल अधिकार र मनोसामाजिक परामर्श सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई शैक्षिक सामाग्री, सहायक सामाग्री र न्यानो कपडा वितरण गरिएको ।
- अपाङ्गता भएका २१ जना व्यक्तिहरुलाई स्वास्थ्य उपचारका लागि सहयोग कार्यक्रमबाट स्वास्थ्य विमा गरिएको ।
- अपाङ्गता सहायता कक्षबाट दैनिक रुपमा अपाङ्गता भएका व्यक्ति तथा उनका परिवारलाई परामर्श सेवा प्रदान गरिएको ।

**घरेलु तथा लघु उद्यम, उद्यमशीलता, सीप तथा क्षमता विकास तर्फ :-**

- इलाम नगरपालिका वडा नं. ८ मा ४१ जनालाई उद्यशिलता विकास तालिम, १६ जनालाई ड्राइभिङ्ग सीप विकास तालिम, १६ जनालाई मौरीपालन सीप विकास तालिम प्रदान गरि १५ जनालाई मौरी सहितको घार वितरण भएको ।
- नगर क्षेत्रका १२ जना महिलाहरुका लागि ३ महिने ढाका बुनाइ सम्बन्धी प्रशिक्षण प्रदान गरि उद्यमीका रुपमा तयार गरिएको ।
- घरेलु उद्यम तथा स्वरोजगारीका लागि आवश्यक क्षमता विकासका गर्न सिलाई कटाइ, केराको रेशाबाट उपयोगी सामाग्री बनाउने, नौमती बाजा बजाउने, रैथाने खाद्यान्नमा आधारित परिकार बनाउने, अचार बनाउने, केश काट्ने, फ्रिज वासिङ्ग मेसिन उपकरण मर्मत गर्ने लगायतका प्रशिक्षण प्रदान गरिएको ।

**साहित्य, कला, भाषा तथा संस्कृति तर्फ :-**

- इलाम नगरपालिका साहित्य कला तथा संगीत प्रतिष्ठान साहित्य समाज इलाम लगायतका सरोकारवालाहरुको आयोजनामा इलाम साहित्य सम्मेलनको आयोजना गरिएको ।
- साहित्य कला तथा संगीत प्रतिष्ठान मार्फत विद्यालयहरुमा साहित्य तथा कला सम्बन्धी प्रतियोगिताको संचालन तथा हरेक महिनाको अन्तिम शुक्रबार सिर्जना उत्सव आयोजना गरिएको ।
- इलाम नगरपालिकाबाट विभिन्न विद्याका श्रष्टा तथा साहित्यकारहरुलाई सम्मान गरिएको ।

- नगर दलित समन्वय समितिको संयोजनमा परम्परागत हातहतियार र पोषाक बनाउने प्रशिक्षण प्रदान गरिएको ।
- नगर आदिवासी जनजाति समितिको संयोजनमा बहु जातीय बहुभाषिक एवं बहुसांस्कृतिक पक्षहरुको प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिएको ।
- परम्परागत रोपाई जात्राको अवसरमा नगरपालिकाबाट स्थानीय बिदा घोषणा गरि नगरपालिकाको आर्थिक सहयोगमा नेवाः समाज इलाम मार्फत गाइजात्राको अवसरमा विविध कार्यक्रमहरु आयोजना गरिएको ।
- माईस्थान मन्दिरमा हरेक शनिवार साँझ आरती गर्ने कार्यलाई निरन्तरता दिइएको ।

**न्यायिक समिति तर्फ :-**

आ.व.२०८०/०८१ बाट अ.ल्या.भई आएका समेत कूल ९३ वटा मुद्धाहरु कायम रहेकामा,

- ४४ वटा मुद्दा मेलमिलापको माध्ययमबाट समाधान भएका छन् ।
- ६ वटा मुद्दाहरु विभिन्न कारणले लगत कट्टा गरिएको छ ।
- ५ वटा मुद्दाहरु अदालत सिफारिस गरिएको छ ।
- २८ वटा मुद्दा मेलमिलाप तथा सहमतिको लागि विभिन्न वडा मेलमिलाप केन्द्रमा पठाइएका छन् ।
- १० वटा मुद्दामा केहि मुद्दा छलफलबाट सहमति हुन नसकेका र केही शुरु प्रकृयामा रहेका छन् ।
- जनप्रतिनिधी तथा न्यायिक समितिका सदस्यहरुका लागि **३ दिवसीय क्षमता बिकास सम्बन्धी तालिम** सम्पन्न गरिएको
- न्यायिक समिति संयोजक तथा उजुरी प्रशासकहरुको लागि **न्यायिक कार्य सम्पादन सम्बन्धी ३ दिवसीय क्षमता बिकास तालिम** सम्पन्न भएको ।
- प्रत्येक वडा मेलमिलापकेन्द्रहरु संग अन्तर्क्रिया गरी लजिष्टिक उपलब्ध गराइएको ।
- मेलमिलापकर्ताहरुको लागि ४ दिवसीय **पुनर्ताजगी तालिम** कार्यक्रम सम्पन्न ।
- न्यायिक समितिको अन्तर पालिका **अध्ययन अवलोकन भ्रमण** कार्यक्रम सम्पन्न भएको छ ।
- इलाम जिल्लाको सबै स्थानीय तहको प्रतिनिधित्व हुने गरि जिल्ला स्तरीय न्यायिक समिति संजाल गठन भएको । उक्त सञ्जालको संयुक्त प्रयासमा इलाम नगरपालिका वडा नं.९ मा **सुरक्षित आवास केन्द्र इलाम** को स्थापना भइ सेवा प्रदान गरिरहेको ।

**रोजगार सेवा केन्द्र तर्फ :-**

- हालसम्म १८३ जनाको श्रम नविकरण भएको ।
- नगर क्षेत्र भित्रका ४० जना कृषकहरुका लागि कृषि तथा पशुपंक्षी तालिम संचालन गरिएको ।
- नगर क्षेत्र भित्रका ४० जना सहभागिहरुलाई १०० दिने प्लम्बर तथा ईलेक्ट्रिसियन तालिम प्रदान गरिएको ।
- वडाका मर्मत सम्भार योजनाहरुमा २०६ जनालाई रोजगारी प्रदान गरिएको ।

**सुरक्षित आप्रवासन परियोजना कार्यक्रम (सामी) तर्फ :-**

- इलाम नगरपालिकाले सामी कार्यक्रम अन्तर्गत आप्रवासी श्रोत केन्द्रबाट वैदेशिक रोजगारमा जान तयार जम्मा ५७३५ जना सम्भावित आप्रवासीहरुका लागि सुचना तथा परामर्श सेवा प्रदान गरिएको ।
- चालु आव मा. बैदेशिक रोजगारी सम्बन्धमा प्राप्त १२५ वटा समस्या मध्ये ४९ वटा समाधान गरिएको ।
- नगरपालिकाको सहजीकरण मार्फत पीडितहरुले रु.१ करोड ५० लाख ७२ हजार ६ सय ४० रुपैया आर्थिक सहायता पीडितहरुले प्राप्त गर्न सफल भएका छन् ।
- चालु आ.व.मा ४० जना व्यक्तिलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्नुका साथै माध्यमिक विद्यालय र समूहहरुमा गरि ११ ठाउँमा मनोसामाजिक परामर्श सेवा सम्बन्धी सचेतिकरण कार्यक्रम सम्पन्न भएका ।
- ४१७ व्यक्तिहरुलाई वित्तीय साक्षरता सम्बन्धी तालिम प्रदान गरियो ।
  १८५६ घरधुरीमा बैदेशिक रोजगारी सम्कन्धी सूचना प्रदान गरिएको ।
- ४८ वटा समुहमा गरि जम्मा १५२० व्यक्तिहरुलाघ गहन अभिमुखीकरण तालिम प्रदान गरिएको ।
- इलाम उद्योग वाणिज्य संघसँगको सहकार्यमा साना तथा मझौला व्यवसायीहरुका लागि ३ दिवसीय आर्थिक सचेतना तथा व्यवसायीक विकास तालिम कार्यक्रम संचालन गरिएको ।

**पर्यटन तर्फ :-**

- वडा नं ७ मा रहेको ऐतिहाँसिक चियाबगानको सौन्दर्यीकरणको लागि डि.पि.आर. तयार गरि ठेक्का सम्झौता भइसकेको छ ।
- वडा नं. ०८ मा खर्कपोखरी सौन्दर्यीकरण कार्य अगाडि बढाइएको छ ।
- वडा नं.  ०७ स्थित बजार क्षेत्रमा फुटपाथ निर्माण कार्य अगाडि बढाइएको छ ।
- वडा नं. ७ का मुख्य सडकमा सडक बत्तिको व्यवस्था गरिएको छ ।
- इलाम नगरपालिका-०१ स्थित भालुपानीमा प्रधानमन्त्री पार्क निर्माण कार्यको डि.पी.आर. बमोजिम पूर्वाधार निर्माणका कार्य भएको छ ।
- इलाम नगरपालिका-०९ स्थित सिंहवाहिनी मन्दिर परिसरमा पूर्वाधार निर्माणका कार्य अगाडि बढाइएकोछ ।

- सेतीदेवी मन्दिर नारायणस्थान मन्दिर माइस्थान मन्दिरहरुको मर्मत संभार तथा सौन्दर्यीकरणका कार्यहरु सम्पन्न गरिएको छ ।
- इलाम बजार तथा बिब्ल्याँटे बजार हुँदै सन्दकपुर जाने पर्यटकहरुलाई पर्यटक मैत्री सेवा सुविधा सुनिश्चित गर्न टुर गाइड पोर्टर र ड्राइभर क्लब निर्माण गरि प्रशिक्षण प्रदान गरिएको छ ।
- कोठीडाँडा पर्यटन क्षेत्रमा सौन्दर्यीकरणका कार्यहरु सम्पन्न गरिएको छ ।
- नेपाली सेना सूर्योदय नगरपालिका र माइजोगमाइ गाउँपालिकासँगको सहकार्यमा ऐतिहाँसिक निशान पदमार्गको पहिचान र स्तरोन्नती गरि निशान पदयात्रा सम्पन्न गरिएको छ ।
- नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा बाल चलचित्र निर्माण कार्यशाला तथा सेलिब्रेटीसँग बालबालिका कार्यक्रम संचालन गरिएको ।

**सहकारी तर्फ :-**

- इलाम नगरपालिकाका सहकारी संस्थाहरुको उत्पादनशिल क्षेत्रको वित्तिय पहुँच वृद्धिका लागि इलाम नगरपालिका कार्यक्षेत्र रहेका २८ वटा सहकारी संस्थाहरुका कूल २८ जना सहभागिहरुलाई ५ दिवसीय तालिम प्रदान गरिएको।
- १०७ वटा सहकारी संस्थाहरुको स्थलगत अनुगमन तथा मुल्यांकनबाट सहकारीको अद्यावधिक तथ्यांकिय विवरण तयार गरिएको ।
- इलाम नगरपालिका र सहकारी संस्थाहरुका ७२ जना प्रतिनिधिहरु बीच सहकारी संस्थाहरुको सुदृढिकरणको लागि एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- इलाम नगरपालिका सहकारी संस्थाहरुको संस्थागत सुधारका लागि पाँच वार्षिय रणनीतिक योजना निर्माण कार्य सम्पन्न भएको।
- इलाम दुग्ध उत्पादक सहकारी संस्थासँगको लागत साझेदारीमा दुग्धजन्य वस्तुको परिकार उत्पादन, प्याकेजिङ्ग र बजारीकरण सम्बन्धी ६ दिवसीय तालिम सम्पन्न भएको ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ :-**

- इलाम नगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण कार्ययोजना बमोजिम दिगो विकास लक्ष्य बमोजिमका आयोजना तथा कार्यक्रमहरु संचालन गरिएको ।
- इलाम नगरपालिकाका ३ वटा वडाहरुलाई वातावरण मैत्री वडा घोषणा गर्ने कार्य अन्तिम चरणमा रहेको ।
- सहयात्रा नेपाल र प्रकृति रिसोर्सेस सेन्टरसँगको सहकार्यमा स्थानीय जलवायु अनुकूलन कार्य योजना (LAPA) निर्माण गरि सोको कार्यान्वयन अघि बढाइएको ।
- वातावरण संरक्षण, जलवायु परिवर्तन, सरसफाई लगायतको कार्यमा विद्यार्थीहरुको परिचालन गर्ने उद्देश्यका साथ विद्यालयहरुमा वातावरण क्लब गठन कार्य अघि बढाइएको ।
- इलाम जिल्लाका तीन वटै सुरक्षा निकायका जनशक्ति, इलाम नगरपालिकाका नगर प्रहरी तथा सन्दकपुर गाँउपालिका तथा इलाम नगरपालकिाका नागरिकहरुलाई विपद् प्रतिकार्य तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण प्रदान गरिएको ।
- वडा नं. ५ र ६ मा वर-पिपल संरक्षण कार्यक्रम सम्पन्न गरिएको ।
- वडा नं. १० स्थित मुख्य राजमार्ग क्षेत्रमा वृक्षारोपण गरि हरियाली प्रवर्द्धन तथा सौन्दर्यीकरण कार्य गरिएको ।
- इलाम नगरपालिका र वडाहरुसँगको लागत सहभागितामा टोल विकास संस्था मार्फत वडाका मुख्य सडकहरुमा वृक्षारोपण कार्यक्रम संचालन गरिएको ।
- इलाम नगरपालिका वडा नं. १ साखेजुङ्ग र हरित शान्ति अभियानसँगको सहकार्यमा कुहिने फोहोरबाट प्राङ्गरिक मल बनाउने कार्यलाई निरन्तरता दिईएको ।
- रेडपाण्डा नेटवर्कसँगको सहकार्यमा पुवामझुवा रेडपाण्डा संरक्षण क्षेत्रमा रेडपाण्डाको आहाराको रुपमा रहेका बिरुवाहरुको बृक्षारोपण तथा बासस्थान संरक्षणका कार्य अघि बढाउनुका साथै रेडपाण्डा संरक्षणका लागि पाँच बर्षे कार्ययोजना तर्जुमा गरिएको ।

**सुशासन तथा संस्थागत विकास तर्फ :-**

- नगरपालिकाको डिजिटल प्रोफाइल तयार गरि तथ्यमा आधारित नीति, योजना र कार्यक्रम तर्जुमाका लागि पूर्ण तथ्याङ्किय आधार निर्माण गरिएको ।
- सूचना प्रविधिको उपयोग, वित्तिय अनुशासन तथा चुहावट नियन्त्रणका माध्यमबाट आ.व. २०७८/७९ को तुलनामा आ.व. २०८०/८१ मा आन्तरिक राजश्व ३३ प्रतिशतले बृद्धि गरिएको ।
- सबै वडा कार्यालय स्वास्थ्य संस्था तथा विद्यालयहरुमा स्तरिय इन्टरनेट जडान गरिएको ।
- बिगत आर्थिक बर्षहरुको लेखापरीक्षणबाट कायम भएका १५ करोड बेरुजु संपरीक्षण गरि फछ्र्यौट गरिएको ।
- Paperless Governance को अवधारणा बमोजिम नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सबै सेवाहरुलाई एकीकृत सफ्टवेयर मार्फत प्रदान गरिने व्यवस्था मिलाइएको ।
- ५ लाख सम्म लागत अनुमान भएका योजना तथा कार्यक्रम वडाबाट नै सम्झौता गरि कार्यान्वयनको व्यवस्था मिलाइएको।
- प्रविधिमा आधारित आन्तरिक नियन्त्रण प्रणालीका माध्यमबाट अनावश्यक खर्चलाई उल्लेख्य रुपमा कटौती गरिएको ।
- जन प्रतिनिधि र कर्मचारीको क्षमता विकासका लागि विभिन्न विषयहरुमा प्रशिक्षण तथा अभिमुखीकरण प्रदान गरिएको छ।

- योजना व्यवस्थापन, खरिद व्यवस्थापन, जिन्सी व्यवस्थापन, भुक्तानी व्यवस्थापन, राजश्व व्यवस्थापन लगायतका कार्यहरुमा E-governance अवलम्वन गरिएको ।
- घर नक्सा व्यवस्थापन तर्फ EBPS को प्रयोग गरि Software मार्फत घर नक्सा पासको प्रक्रियागत अवस्था सेवाग्राहीले घरैमा बसी हेर्न मिल्ने व्यवस्था मिलाइएको ।
- कर्मचारीहरुलाई वस्तुनिष्ठ सूचकहरुको आधारमा मूल्याङ्कन गरि पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइएको ।
- गत आ.व. को तुलनामा राजस्व संकलन बृद्धि गर्ने वडाहरुलाइ संकलित राजस्वको ४० प्रतिशत रकम प्रोत्साहनका रुपमा उपलब्ध गराइएको ।

**इलाम नगरपालिकाको १७ औं नगर सभाबाट स्वीकृत आ.ब. ०८२/०८३ को आय व्यय विवरण**

**आय**

| विवरण | अनुमानित आय | प्रतिशत |
|---|---|---|
| आन्तरिक राजश्व जम्मा | १३,९९,८०,८७२.०० | १२.२४ |
| उपभोक्ता/ संस्था लागत सहभागिता | ३,६०,००,०००.०० | ३.१५ |
| संघीय सरकार | ७७,३५,५७,०९३.०० | ६७.६५ |
| प्रदेश सरकार | ४,५३,९९,०००.०० | ३.९७ |
| राजश्व बाँडफाँड | १४,८४,७६,०३५.०० | १२.९९ |
| **कूल आय** | १,१४,३४,१३,०००.०० | १००% |

**व्यय**

| विवरण | अनुमानित आय | प्रतिशत |
|---|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,५०,००,०००.०० | १३.५६ |
| नगरपालिका तर्फका योजना तथा कार्यक्रम | ३३,१४,१२,९०७.०० | २८.९८ |
| संघीय सशर्त अनुदान तर्फका योजना तथा कार्यक्रम | ६२,५६,५७,०९३.०० | ५४.७२ |
| प्रदेश सशर्त अनुदान तर्फका योजना तथा कार्यक्रम | ३,१३,४३,०००.०० | २.७४ |
| **कूल आय** | १,१४,३४,१३,०००.०० | १००% |

## मिति २०८१ श्रावण महिना देखि २०८२ आषाढ मसान्तसम्मको चालु तथा पूँजिगत खर्चको विवरण

| शिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| **चालु** | ६३,९१,५२,०४४\|०० | ५८,०१,१८,९२४\|०२ | ९०.७६% | सामाजिक सुरक्षा भत्ता बाहेक |
| **पुँजिगत** | ३०,०७,२८,२५६\|०० | २४,४७,१५,२०६\|९६ | ८१.३७% | |
| **जम्मा** | **९३,९८,८०,३००\|००** | **८२,४८,३४,१३०\|९८** | **८७.७५%** | |

## मिति २०८२ बैशाख महिना देखि २०८२ असार मसान्तसम्मको चालु तथा पूँजिगत खर्चको विवरण

| शिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| **चालु** | ६३,९१,५२,०४४\|०० | १८,८३,६८,७०४\|९९ | २९.४७% | सामाजिक सुरक्षा भत्ता बाहेक |
| **पुँजिगत** | ३०,०७,२८,२५६\|०० | १६,१९,०५,१४९\|६७ | ५३.८४% | |
| **जम्मा** | **९३,९८,८०,३००\|००** | **३५,०२,७३,८५४\|६६** | **३७.२६%** | |